म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २८० बुधबार १० जेठ २०८० ने. सं. ११४३ तछलाथ्व 24 May 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

D Pharma - २ जना
B Pharma - २ जना

तलबः आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**
**मकवानपुर सहकारी अस्पताल**
हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९

### प्रदेशसभामा विनियोजन विधेयक पेश

## 'पुरानै सिद्धान्त र प्राथमिकताको कपि-पेष्ट'

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/बागमती प्रदेश सरकार आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि बजेट निर्माणमा जुटेको छ । ९ जेठ मंगलबारबाट बजेट अधिवेशन पनि सुरु भइसकेको छ ।

बजेट अधिवेशनको पहिलो बैठकमा सरकारका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाले प्रदेशसभामा विनियोजन विधेयक-२०८० का सिद्धान्त र प्राथमिकता पेश गरेका छन् । उनले विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताको क्षेत्र (करबाहेक) सम्बन्धी प्रस्ताव पेस गरेका हुन् । विधेयकमा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइने, करको दायरा विस्तार गर्ने, कृषि क्षेत्रको व्यावसायीकरण र रुपान्तरणमार्फत् खाद्यसुरक्षा प्रत्याभूत गरिने, पर्यटनलाई प्रदेशको विशेष आर्थिक क्षेत्रको रुपमा विकास गर्ने, उद्यमशीलता प्रवर्द्धनका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने, औद्योगिक ग्राम संचालन गर्ने, औद्योगिक पूर्वाधारमा लगानी गर्ने, समावेशी र सन्तुलित विकास जस्ता सिद्धान्त र प्राथमिक प्रस्तुत भएका छन् ।



प्रस्तुत विधेयकमाथि सदनमा छलफल हुन भने बाँकी छ । विनियोजन विधेयकमाथि सांसदहरुले बुधबार विहान ११ बजे बस्ने बैठकमा आफ्नो धारणा राख्नेछन् । तर, प्रदेशसभा बैठकपछि साझाकुरासँग प्रतिक्रिया दिँदै सांसदहरुले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता पुरानै फाइलबाट कपि-पेष्ट भएको टिप्पणी गरेका छन् । नयाँ सरकारले नयाँ सिद्धान्त र प्राथमिकता ल्याउन नसकेको नेकपा एमालेका प्रमुख सचेतक मधुसुदन पौडेलले बताए । आर्थिक मामिला मन्त्रीले पुरानै सिद्धान्त र प्राथमिकता पढेर बैठकमा सुनाएको टिप्पणी गरे । सरकारले जनताको कामलाई ध्यान नदिएर व्यापारी पोस्न लागेको आरोपसमेत लगाए ।

जनताको काम गर्ने भनेर छुट्याइएको बजेट नै खर्च नभएको र चालू खर्च धेरै भइरहेको भन्दै सरकारको कार्यक्षमतामाथि पौडेलले प्रश्न गरे । विकास बजेटको खर्च फागुनसम्म १७ प्रतिशत मात्रै रहनुले जनताको काम १७ प्रतिशत भन्दा बढी गर्न नसकेको उनको भनाई छ । आर्थिक मन्दीका कारण जनताको चुल्हो नबल्ने स्थितिमा सरकारले बजेटको प्राथमिकता सम्बोधन हुने गरी नआएको पौडेलले बताए । आर्थिक मन्दीलाई पनि सम्बोधन हुने गरी बजेट ल्याउनुपर्ने पौडेलको जोड छ ।

नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का सांसद सुरेन्द्रराज गोसाईले सरकारको विनियोजन विधेयकले नयाँ आशा दिन नसकेको दाबी गरे । उनले सिद्धान्त र प्राथमिकतामा नयाँ पन केही नआएको र पुरानै कुरालाई जोडजाड र टालटुल गरेको गोसाईले दाबी गरे । राप्रपा बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले सरकारले बजेटमा विभेद गरे रोष्टम घेर्ने चेतावनी दिए । प्रदेशसभा बैठकमा बोल्दै नेता थापाले बजेटमा आफ्ना विषयहरु नसमेटेको खण्डमा रोष्टम घेर्ने र बजेट पास गर्न नदिने चेतावनी दिएका हुन् । 'सरकारले बजेटमा सबैलाई समेटोस् । हामीले पनि जनतासँग केही कुरा भनेर आएका छौं । त्यसलाई सरकारले बुझेर बजेटमा समेटोस्', उनले भने । प्रदेश सरकारले मन्त्रालय बढाएर के गर्न खोजेको ? भन्दै प्रश्न उठिरहेको उनको भनाई छ ।

सत्तापक्षकै सांसदले पनि बजेट निर्माणमा खबरदारी गर्नुपर्ने बताएका छन् । नेपाली कांग्रेस बागमती प्रदेशसभाका प्रमुख सचेतक कुन्दनराज काफ्लेले नीति निर्माणमा विचौलियाहरु हाबी हुनसक्ने भएकाले सरकारलाई खबरदारी गर्नुपर्ने बताए । प्रदेशसभा बैठकमा उनले भ्रष्टाचारका कुरा सबैतिर सुनिने बताउँदै सबैतिर विचौलिया हाबी भएकाले सरकारका नीति तथा कार्यक्रम प्रभावकारी हुन नसकेको बताए । सरकारले नराम्रो काम गरेका खण्डमा सांसदलाई खबरदारी गर्नसमेत आह्वान गरेका छन् । आफ्नै दलको नेतृत्व भए पनि सरकारले गरेका नराम्रा काममा ताली पिट्ने भन्दा खबरदारी गरेर संघीयतालाई थप विश्वसनीय बनाउनुपर्नेमा उनले जोड दिए ।

आर्थिक मामिलामन्त्री लामाले विनियोजन विधेयकमा संविधानमा परिकल्पना गरे अनुसार समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा आगामी बजेट तर्जुमा गर्ने दाबी गरेका छन् । प्रदेशको संस्थागत विकास र संविधानले प्रदान गरेको अधिकार क्षेत्रभित्र रहेर दायित्व पूरा गर्न पनि बजेट केन्द्रित रहने उनको भनाई छ । बैठकमा सांसदहरुले दलीय हिसाबमा प्रदेशसभाको अधिवेशनको सफलताको शुभकामना दिँदै वर्तमान राजनीतिक अवस्थाको विषयमा सरकारको ध्यानाकर्षण समेत गराएका थिए ।

बैठकमा नेपाली कांग्रेसबाट कुन्दनराज काफ्ले, नेकपा एमालेबाट मधुसूदन पौडेल, नेकपा माओवादी केन्द्रको तर्फबाट राधिका तामाङ, राप्रपाका तर्फबाट उद्धव थापा, नेकपा (एकीकृत समाजवादी)का सांसद कृष्णप्रसाद शर्मा खनाल, नेमकिपाका तर्फबाट सुरेन्द्रराज गोर्साइ र हाम्रो नेपाली पार्टीका तर्फबाट शैलेन्द्रमान बज्राचार्यले आफ्नो धारणा राखेका थिए । माओवादी केन्द्रकी सांसद राधिका तामाङले नेता र नेतृत्वको कारणले वर्तमान व्यवस्थामाथि नै असन्तुष्टि बढेको बताइन् । उनले सबै मिलेर वर्तमान व्यवस्था टिकाउन अग्रसर हुनुपर्ने बताएकी छन् । एकीकृत समाजवादीका सांसद खनालले संविधान र संघीयता कार्यान्वयनमा सरकार गम्भीर भएर अघि बढ्नु पर्ने बताए ।

नेमकिपाका नेता गोर्साइले देशको अर्थतन्त्र संकटमा रहेकाले सरकारले मन्त्रिमण्डल थप गरेर गलत गरेको बताए । उनले सरकारले भागबन्डालाई नै आफ्नो प्राथमिकताको क्षेत्र निर्धारण गरेको भन्दै यसले आम नागरिकमा नकारात्मक सन्देश प्रवाह भइरहेको बताए । हाम्रो नेपाली पार्टीका नेता बज्राचार्यले युवा पुस्ता वर्तमान राजनीतिक अस्थिरताबाट आजित बनेको दाबी गरेका छन् । उनले देशमा नै केही अवसर खोजीमा रहेका युवा राजनीतिक खिचातानीका कारण पलायन भइरहेको धारणा राखे ।

## एउटा पक्की पुलले फेरिएको गाउँको मुहार

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/कुनैबेला खोलातर्न साँघुसमेत नहुँदा खेतबारीमा उम्रिएको तरकारी कुहाएर राख्न बाध्य मकवानपुरगढीको ६ नम्बर वडाका किसानको हालको दैनिकी फेरिएको छ ।

वडा कार्यालयसमेत रहेको ६ नम्बर वडाको डुम्रेकुनामा बाक्लो बस्ती छ । सामरी खोलासँगै रहेको डुम्रेकुनाबासीलाई विगतमा खोलातर्ने साँघु नहुँदा तरकारी हेटौंडा बजारसम्म ल्याउन मुस्किल थियो । मकवानपुरगढीको ६ नम्बर र २ नम्बर वडा जोड्ने सोल्टीमोडमा १४ करोड लागतमा पक्की पुल बनेपछि यस ठाउँको मुहान नै फेरिएको छ । डुम्रेकुनाबासीको हरेक वर्खामा हेटौंडासँग सम्पर्क टुट्ने गरेको थियो । पुल नहुँदा बर्खामा आउने बाढीले सदमुकामसँग सम्पर्क टुट्दा धेरै समस्या व्यहोरोको स्थानीय राजेश चौलागाईं बताउँछन् ।

मकवानपुरगढी गाउँपालिकाको तीन वटा वडा जोड्ने पक्की पुल निर्माण भएपछि अवस्था फेरिएको उनले सुनाए । संघीय सरकारको १४ करोड रुपैयाँ लागतमा पुल निर्माण गरिएको हो । मकवानपुर गढी गाउँपालिकाको वडा नम्बर-६ डुम्रेकुना र वडा नम्बर-२ र ३ सोल्टीमोड जोड्नका लागि पुल निर्माण भएको छ । पुल निर्माण कार्य पूर्ण रुपमा सम्पन्न भएर सवारीसाधन नियमित सञ्चालन भइरहेको गाउँपालिका कार्यालयका योजना शाखा प्रमुख प्रकाश न्यौपानेले बताए । पुल बनेपछि वडाबासीलाई मात्र नभए सिंगै गाउँपालिकाबासीलाई आवतजावतमा सहज भएको मकवानपुरगढी गाउँपालिकाका निवर्तमान अध्यक्ष बिदुर हुमागाईंले बताए ।

हुमागाईंकै कार्यकालमा पुलको शिलान्यास गरिएको थियो । उनको पहलमा संघीय सरकारबाट आएको बजेटबाट पुल बनेको हो । मकवानपुरगढीलाई सामरी खोलाले दुई भागमा विभाजन गरेको छ । स्थानीय सरकार बन्नुअघि सामरी खोलामा एउटा साँघुसमेत थिएन् । पहिलो जनप्रतिनिधिका रुपमा हुमागाई आएपछि सामरी खोलामा हाल साना ठूरा गरी एक दर्जन पुल निर्माण भएका छन् । हुमागाईंकै कार्यकालमा बजेट बिनियोजन भएकोबाट ७ र ८ नम्बर वडामा पुल निर्माणको प्रक्रिया अघि बढेको छ । डुम्रेकुनामा पुल निर्माण भएपछि शहिद बासुदेव मार्ग र कान्तिलोकपथ सडक जोड्न सहज भएको निवर्तमान गाउँपालिका अध्यक्ष हुमागाईले बताए ।

## मकवानपुरमा सरकारको ध्यान नपुगेकोमा बर्तौलाको आपत्ति

साझाकुरा संवाददाता


हेटौंडा, ९ जेठ/मकवानपुरमा गाईवस्तुमा देखिएको 'लम्पी स्किन' रोग नियन्त्रणमा सरकारको ध्यान नपुगेको भन्दै प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाले सरकारको ध्यानाकर्षण गराएका छन् ।

मंगलबार बसेको प्रतिनिधिसभा बैठकमा बोल्दै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सचेतक बर्तौलाले सरकारको कान र आँखा छ कि छैन ? भन्दै प्रश्न गरेका थिए । बर्तौलाले मकवानपुरमा लम्पी स्किन रोगका कारण कृषकहरुको गाई मरिरहेकाले पटक-पटक सदनमा उठाउँदा पनि सुनुवाइ नभएको भन्दै सरकारको ध्यानाकर्षण गराएका हुन् । 'आज म सरकारको कान र आँखा छ कि छैन भनेर सोध्न उभिएको छु । यदि कान र आँखा छ भने यो सदनमा पटक-पटक लम्पी स्किनको विषय राखेँ । मकवानपुरमा यो रोगले २ सय भन्दा बढी गाई मरिसके । ५ हजार संक्रमित छन् । देशको धेरै भागमा समस्या छ । सरकार सुन्दैन,' उनले भने । गाईपालकलाई क्षतिको राहत दिन उनले सरकारसँग माग गरेका छन् ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

**आधुनिक सुन चाँदी पसल**

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**
सम्पर्क नं. :
९८४५५३०५६३, ९८१५२२४३४३


**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞कार वास भित्र/बाहिर
☞वाइरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**घडेरीहरु बिक्रीमा**

मुकुन्द कार्की :
९८५१०८९६३४,
९८०१०९८८६९



साझाकुरा

## हाम्रो कुरा

# कालो धनलाई सेतो नबनाउ

बागमती प्रदेशमा सरकारले ल्याएको प्रदेशस्तरको चिट्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले कालो धन चोख्याउने रणनीति भएको भन्दै सर्बत्र बिरोध भएको छ । 'कालो धनलाई सेतो बनाउन' मद्दत पुऱ्याउने भन्दै सर्वसाधारणले पनि यो विधेयकको तीब्र बिरोध गरिरहेका छन् । विधेयकलाई लिएर यतिबेला सवत्र आलोचना भइरहेको छ । सुशासनको नारा लगाइरहेको सरकारले विधेयक ल्याए पनि प्रदेश प्रमुखबाट प्रमाणीकरण हुन सकेन । विधेयक प्रमाणीकरण हुन नसकेर पुन: प्रदेशसभामै पुन:विचारका लागि फिर्ता आएपछि प्रदेशस्तरको चिट्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि अनेकौं टिक्काटिप्पणी सुरु भएको छ । विधेयकमाथि आशंका उब्जिएसँगै सरकारले 'कालो धनलाई सेतो बनाउन' कानून ल्याउन खोजेको आरोप लागेको हो । आरोपलाई पुष्टि गर्ने आधार पनि छ । बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले विवादास्पद चिट्ठा विधेयक प्रदेशसभामै फिर्ता पठाइदिएका हुन् ।

गत १२ वैशाख साँझ बसेको प्रदेशसभा बैठकबाट मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ को साविकको व्यवस्था जगाउनेसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक र २०७९ र प्रदेशस्तरको चिट्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेको थियो । ती दुवै विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल भएको थियो । संघीय ऐनसँग प्रतिकूल हुन आएको सन्देशसहित विधेयक प्रदेशसभामा फिर्ता पठाइएको हो । चिट्ठा विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (३) बमोजिम पुनर्विचार हुन आवश्यक रहेको सन्देशसहित विधेयक प्रदेशसभामा फिर्ता गरिएको हो । प्रदेशसभाको इतिहासमा पहिलोपटक विधेयक फिर्ता गएको छ । यसअघि सरकारले ल्याएका कुनै पनि विधेयक प्रदेशसभामा फिर्ता आएको थिएन । स्रोतकाअनुसार विधेयक लागू हुँदा 'कालो धनलाई सेतो बनाउन' मद्दत पुग्ने भन्दै विधेयक फिर्ता पठाइएको हो । संघीय कानुनसँग प्रतिकूल हुने देखिएकोले विधेयक फिर्ता भएको बताइएको छ । जरिवानाको व्यवस्था, निश्चित उमेर नतोकिनु, एउटै व्यक्तिले जति वटा पनि चिट्ठा खेलाउन सक्ने, चिट्ठाको मूल्य नतोकिनु, प्रदेश प्रहरीलाई मात्रै अनुसन्धानको अधिकार दिनु, चिट्ठा खुलाउने कार्यक्रमको फोकल पर्सनका रुपमा मन्त्रालयकै एकजना अधिकृतस्तरको कर्मचारी हुनुलगायतले विधेयकमाथि आशंका गर्ने ठाउँ रहेको छ ।

विधेयक सम्पति सुद्धिकरण ऐन, २०६४ को प्रतिकूल हुन आउने विश्लेषण गरिएको हो । चिट्ठासम्बन्धी जरिवानाको व्यवस्थाले १० हजार देखि ५१ हजार रुपैयाँसम्म मात्रै जरिवाना गर्न सकिने उल्लेख छ । चिट्ठा खेलाएर गैरकानुनी कार्य गरेको प्रमाणित भएमा थोरै मात्रै जरिवाना तिरेर उम्किन सक्ने गरी विधेयक ल्याइएको छ । संघीय चिट्ठा ऐनमा बिगो बराबर जरिवाना र ६ महिनासम्म कैद सजायसमेत रहेकोमा प्रदेशले कैद सजाय हटाएर धेरैमा ५१ हजार रुपैयाँसम्म जरिवाना राखेको छ । धेरै र कम अपचलन गरेर १० देखि ५१ हजार मात्रै तिरेर उन्मुक्ती दिने कानुन ल्याउन खोज्नु गम्भीर विषय बनेको छ । विधेयकमा पुरस्कारमा हेरफेर गर्न सक्ने व्यवस्थाले चिट्ठा बन्द हुने मितिसम्ममा चिट्ठामा तोकिएको कुल पुँजी बमोजिम सबै चिट्ठा बिक्री हुन नसकेमा सम्बन्धित व्यक्तिले बिक्री भए जति चिट्ठाको दामासाहीले पुरस्कार हेरफेर गर्न सक्ने उल्लेख छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ ११ गते बिहीबार २५ मे २०२३ । षष्ठी, जेष्ठ शुक्लपक्ष । तछलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:१३, सूर्यास्त ६:५० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : प्रेममा विवाद आउनसक्नेछ | **तुला** | : नचिताएको काम सम्पन्न हुनेछ |
| **वृष** | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ | **वृश्चिक** | : मिहिनेतको फल मिल्नेछ |
| **मिथुन** | : हाँसखेलमा दिन जानेछ | **धनु** | : स्वास्थ्यमा खराबी आउनेछ |
| **कर्कट** | : मनमा धेरै कुरा खेल्ने छन् | **मकर** | : शुभ कामको संकेत मिल्नेछ |
| **सिंह** | : रमाइलो यात्राको योग परेको छ | **कुम्भ** | : शरीरमा केही आलश्य हुनेछ |
| **कन्या** | : मन प्रसन्न रहनेछ | **मीन** | : सफलता मिल्न गाह्रो छ |

# एमालेले एक वर्षमा गर्ने चार काम



✍ पृथ्वीसुब्बा गुरुङ

दुई महिने 'मिसन ग्रासरुट अभियान' ले नेकपा एमालेभित्र देखिएको समस्याको पहिचान गरेको छ । पार्टीभित्र किन अराजकता बढ्दै गयो र चुनावमा अन्तर्घात भयो भन्ने पहिचान गरेको छ । अन्तरविरोधको कारण र प्रवृत्ति पत्ता लगाएको छ ।५०० पार्टी सदस्य भएको ठाउँमा २०० भोट कसरी आयो ? पार्टी सदस्यहरूले नै भोट नहाल्ने कसरी हुन्छ ? अभियानले यी र यस्ता समस्याको कारण पहिचान गरेको छ । एकप्रकारले मिसन ग्रासरुट अभियानले चुनावी समीक्षा गरेको छ । अभियानले पार्टी कमिटी र सदस्यहरूमा देखिएको समस्याको समीक्षा पनि गरेको छ । कमिटीहरूको वैधानिक बैठक नबसेको, चुनावको प्रचार नगरेको र वैचारिक काम नगरेकाले पार्टी सदस्यहरू अनुशासनहीन बनेको निष्कर्ष निकालेको छ । र, यसका पछाडि गुटबन्दी, ठेकेदारी या पार्टी सदस्यता वितरणलाई गम्भीर रूपमा नलिएकै देखिन्छ । अत: मिसन ग्रासरुट अभियानको सिकाइबाट आगामी एक वर्षभित्र एमालेले चार वटा मुख्य काम गर्नेछ ।

**सदस्यता नवीकरण**

पार्टी सुदृढीकरणको काम थालिसक्यौं । त्यो भनेको सदस्यता नवीकरण र नयाँ सदस्यता प्रदान हो । मिसन ग्रासरुट अभियानमा सुरु भएको सदस्यता नवीकरण असार मसान्तभित्र सक्छौं । पार्टी सुदृढीकरण गर्न सदस्यता नवीकरणलाई गम्भीरतापूर्वक लिनुपर्नेछ । अब हामी पार्टी सदस्यता नवीकरण गर्न वर्ष दिन कुर्दैनौं । सदस्यता नवीकरण १५ असारसम्म जिल्लाले प्रदेश कमिटीसम्म र असार मसान्तभित्र केन्द्रीय संगठन विभागमा आइपुग्ने गरी काम गर्छौं ।यो क्रममा कतिलाई हटाउने र कतिलाई नवीकरण गर्ने भन्ने टुङ्गो लाग्नेछ । वामपन्थी पार्टीबाटै आएकाहरूको सदस्यता अद्यावधिक मात्रै गरे पुग्छ, तर गैर वामपन्थीहरूबाट प्रवेश गरेकालाई आवेदन भरेर केन्द्रमा पठाउनुपर्नेछ ।

**नयाँ नेतृत्व चयन**

अहिले हाम्रो कमिटीहरू कामै गर्न नसक्ने गरी भद्दा भए । प्रदेश कमिटी त चार/पाँच सय जनाको बन्यो । तीमध्ये आधा त मिसन ग्रासरुटमा सहभागी नै भएनन् । मिसन ग्रासरुट अभियानले पत्ता लगाएको यो अर्को रोग हो । यसलाई नयाँ नेतृत्व चयन गरेर हल गर्न सकिन्छ । यसअघि हामीले एकैदिन वडा, फेरि एकैपटक पालिका र एकैपटक जिल्ला अधिवेशन गरेका थियौं । त्यसरी अधिवेशन गर्दा कमिटी चयनमा ध्यान पुग्न सकेन ।

अधिवेशनमा पार्टी सदस्यले जनवादी (लोकतान्त्रिक) अधिकार प्रयोग गर्नै पाएनन् । प्रतिस्पर्धा गर्न चाहनेले उक्त अवसर नपाउँदा केही न केही समस्या ल्यायो । भन्नलाई त सर्वसम्मत नेतृत्व चयन भन्यौं, तर कमिटी हाँक्नै नसक्ने वा नजान्ने नेता चयन भए । त्यसैले संगठन सुदृढीकरणको अभियान अधिवेशनबाट सुरु हुन्छ । प्रतिस्पर्धा गर्न चाहनेले त्यस्तो अधिकार उपयोग गर्न पाउँछन् । प्रतिस्पर्धाबाटै नेतृत्व चयन हुन्छ । अब तलबाट माथि होइन, माथिबाट अधिवेशन सुरु हुन्छ । र मूलत: पार्टी हाँक्ने फौज भनेको प्रदेशभन्दा मुनिको कमिटी भएकाले प्रदेश अधिवेशनबाट संगठन सुदृढीकरण थाल्छौं । प्रदेश, जिल्ला, पालिका हुँदै वडासम्मको अधिवेशन गर्छौं ।

त्यही क्रममा पार्टी बैठक भनेको के हो र कसरी काम गर्छ भन्ने सीप कार्यकर्तालाई सिकाउँछौं । पार्टीभित्र अनुशासन कसरी कायम गर्नुपर्छ, जनवादी अधिकारको उपयोग कसरी गर्नुपर्छ भन्ने सिकाउँछौं । गतिशील र इमानदार पार्टी पंक्ति निर्माण गर्नु अधिवेशनको अर्को उद्देश्य हुनेछ ।

**राजकीय र पार्टी सम्बन्ध**

पार्टीको महत्वपूर्ण क्षेत्र संसदीय र राजकीय हो । पालिका, प्रदेश सभा र प्रतिनिधिसभामा निर्वाचित भएर गएका नेताहरू हुन् । हामी त्यसैमा केन्द्रित हुन्छौं । २०७४ को चुनावमा जितेको ७४ प्रतिशत ठाउँमा यसपटक हार्‍यौं । यसको पछाडि कारण त पक्कै छ । जनतासँग हाम्रो जनप्रतिनिधिको सम्बन्ध राम्रो भएन कि ? सेवा प्रवाह राम्रो भएन कि ? विकास र सुशासनको काम भएन कि ? त्यसैले जनताले विकल्प खोजे । त्यसैले अब 'सुशासनमार्फत डेलिभरी, डेलिभरीमार्फत समृद्धि' भन्ने नारा लिएर जनप्रतिनिधिलाई व्यवस्थित गर्नेमा ध्यान दिनेछौं । त्यसका लागि पार्टी र जनप्रतिनिधिबीचको अन्तर सम्बन्ध व्यवस्थित गर्ने हो । अहिले कतिपय ठाउँमा पार्टी र जनप्रतिनिधिको सम्बन्ध दुस्मन जस्तो, एकअर्काका विरोधी जस्तो छ । त्यसलाई समाधान गर्न निश्चित संयन्त्र बनाएर पार्टी र जनप्रतिनिधिबीचको सम्बन्ध सुधार गर्नेछौं ।

**कार्यालय व्यवस्थापन**

हाम्रा कतिपय पार्टी कार्यालय अस्तव्यस्त देखिए । जबकि संसदीय प्रणालीमा पार्टी कार्यालयको अर्थ महत्वपूर्ण हुन्छ । हामीले संगठन र जनताको काम कार्यालयबाटै गर्नुपर्छ । जनजीविकासँग जोडिएका काम, विकास निर्माण र शान्ति सुव्यवस्थाका सवाल कार्यालयसँगै जोडिएका हुन्छन् ।

पार्टीको 'र्‍याङ्क एण्ड फाइल' चुस्तदुरुस्त राख्ने, पार्टी नेताहरूको कामको अनुगमन र संरक्षणको योजना कार्यालयबाट बनाउनुपर्छ । अभिलेख प्रणालीलाई व्यवस्थित बनाउने पनि कार्यालयबाटै हो । कार्यालय व्यवस्थित गरेर मात्रै पुग्दैन, नेता-कार्यकर्ता नियमित रूपमा कार्यालय जाने र जनताको काम गर्ने थलोका रूपमा विकास गर्ने हो । यो काम हामी एक वर्षभित्रै गरिसक्छौं ।

**छोराछोरी अभियान**

मिसन ग्रासरुट अभियानमा हामीले अरू पक्षको पनि अध्ययन गर्‍यौं । हामीले अभियानका क्रममा गरेका धेरै सम्मेलनमा १८ देखि ३५ वर्षसम्मका युवा कम देखिए । यसले पार्टीभित्र जेनेरेसन ग्याप देखायो । भरतमोहन अधिकारीको निधनपछि पार्टीमा पहिलो पुस्ताका नेता नै हुनुहुन्न । अहिले झापा विद्रोह, कोके काल, भण्डाफोर अभियानदेखि २०४६ सालको आन्दोलनबाट आएकाहरू नेतृत्वमा छौं ।अनि, २०५४ को जनप्रतिनिधि, २०६३ सालको आन्दोलन र २०७२ मा नाकाबन्दी विरुद्ध लडेकोसम्म देखिन्छौं । पार्टीमा रहेका यी पंक्तिमा तुलनात्मक गतिशीलता कमी हुँदै गएको छ । उमेरका हिसाबले थाक्दै र पुरानो हुँदै गएका छन् । तर अहिलेको चुनौती सामना गर्न पार्टीमा नयाँ पुस्ता आउनुपर्छ । त्यसो गरिएन भने पार्टी दुर्घटनामा जान सक्छ । त्यसैले 'मिसन योङ र छोराछोरी' अभियान सुरुवात गर्न लागेका छौं ।

अहिले पार्टी नेताकै छोराछोरी पार्टीमा छैनन् । बाबुआमा पार्टीको पदाधिकारी छन्, छोराछोरी अखिलमा छैनन्, युवा संघमा छैनन् । किन त्यस्तो हुनगयो ? पहिले पञ्चायतकालमा बाबुआमा पञ्च, छोराछोरी अखिल हुन्थे । अहिले के हुँदैछ ? यो गम्भीर कुरा हो । त्यसैले हामीले छोराछोरी अभियान चलाउने हो । यी दुवै अभियान भूगोललाई आधार बनाएर चलाउँछौं । मध्यपहाडी र हुलाकी लोकमार्ग भएर हाम्रो अभियान चल्नेछ । अहिले मध्यपहाडी लोकमार्गले धेरै संख्यामा जिल्लाहरू समेटेको छ । त्यस्तै, पूर्वपश्चिम राजमार्गदेखि तल र दशगजा भन्दा माथिको भूभाग हुलाकी लोकमार्गले समेटेको छ । त्यसैले यी दुई अभियान हुलाकी र मध्यपहाडी लोकमार्गमा एकैपटक लैजान्छौं ।

अभियानले १८ देखि ३५ वर्षका युवा पार्टीमा ल्याउने हो । अहिले नै प्रदेश र केन्द्रीय कमिटीमा आउन नसक्ला, तर जिल्ला, पालिका र वडामा ३३ प्रतिशत युवाको सहभागिता सुनिश्चित गर्छौं । त्यति नगरी पार्टीले नवजीवन प्राप्त गर्न सक्दैन । नयाँ सफलता हासिल गर्न सक्दैनौं ।

अर्को क्षेत्र जनसंगठन हो । कुनै जाति, क्षेत्र, पेशाको मान्छे आकर्षित गर्न जनसंगठन चाहिएको हो । तर त्यस्ता कमिटी पनि पार्टीका नेताहरूले कब्जा गर्ने भइरहेको छ । नयाँ मान्छे कोही नआउने, पार्टीमा हारेका मान्छेहरू त्यहाँ बस्ने भइरहेको छ । त्यसैले पार्टी सदस्य नभएकाहरू जनसंगठनहरूमा ल्याउनुपर्छ । जनसंगठन एमाले कोरल्ने संगठन बनाइनुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# राजनीतिक भ्रष्टाचारको जग

✍ हरि रोका

मैले होस सम्हाल्दै गर्दा कार्पेट काण्डको हल्ला गाउँमै पुगेको थियो । मैले पहिलो पटक 'भ्रष्टाचार' शब्द त्यही बेला सुनेको थिएँ । त्यस बेलाका घागडान/ख्यातिप्राप्त, राजाबाटै छानिएका र शासनयन्त्रमा फिट गरिएका व्यक्तिहरू त्यस काण्डमा मुछिएका थिए ।

पछि त्यो कसरी सामसुम भयो, थाहा भएन । म किशोरवयमा हिँड्दै गर्दा अनेकन् काण्ड जोडिएह जस्तो- सर्पको छाला काण्ड, वन फँडानी काण्ड, कालो हेरोइन काण्ड, जनमत संग्रह धाँधली काण्ड आदि । डा. देवेन्द्रराज पाण्डेले सायद यस्तै काण्डहरू गर्न नमान्दा जागिरबाट हात धुनुपरेको थियो । लगत्तै जसो त्यस बेलाको चर्चित भूमिगत गिरोह भन्नेले 'भक्तपुरमा मध्यरातमा मन्दिर फोड्यो रे तर स्थानीय बासिन्दाको तदारुकताका कारण मूर्ति चोरीमा सफल हुन पाएन' भन्ने हल्ला चल्यो । यही सेरोफेरोमा धन र राज्यशक्तिले मैमत्त सत्ताधारी गिरोहले पोखरामा नमिता-सुनिता काण्ड गराएको थियो । त्यो समयमा पनि ठूलो दरबार र साना दरबारहरूबीच कसले बढी छिटो नाफा आर्जन गर्नेमा प्रतिस्पर्धा थियो भन्ने हल्ला चलेको थियो । खास गरी रामराजाप्रसाद सिंहको बमकाण्डको सिलसिलामा डे ला अन्नपूर्ण होटलमा पनि विस्फोट भएपछि दरबारभित्रैका ठूला र सानाबीचको द्वन्द्वको सूचना बाहिरिएको थियो । २०४६ सालको जनआन्दोलनसम्म आइपुग्दा आन्दोलनकारीहरूबीच 'पम्फादेवी' को स्विस बैंक खाता र प्रतिष्ठित स्वदेशी मारवाडी घरानाका विविध कारोबारमा दरबारको अप्रत्यक्ष लगानीबारे अपुष्ट तर व्यापक हल्ला चलेको थियो । २०४६ सालको जनआन्दोलन सम्झौतामा नटुंगिएको भए सायद पञ्चायतकालका यावत् भ्रष्टाचार काण्डहरू सतहमा ल्याइन्थे र दोषीहरूलाई कानुनको भागी बनाइन्थ्यो होला ।

बहुदल पुन:स्थापनापछि गणेशमान सिंहले 'पुच्छरले कुकुर हल्लाएको तथा सिंहदरबार गन्हाएको' भनेर एउटा भाषणमा उल्लेख गर्नुभयो । तर हल्लाहल्लामै त्यो कुरा सामसुम हुन पुग्यो । पहिलो संसदीय निर्वाचनपछि बनेको सरकारले मुलुकको मिश्रित आर्थिक प्रणाली नै बदलेर उदारीकरण, निजीकरण र भूमण्डलीकरणको कार्यक्रम सुरु गर्‍यो । सरकार उद्योगधन्दा र व्यापारको जिम्मेवारीबाट बाहिरिनुपर्छ भन्ने 'मिनिमालिस्ट गभर्नेन्स' को वैचारिकता व्यवहारमा हावी गराएपछि 'कमिसन' लाई घूस ठान्न मिल्दैन भनी धेरै लामो समय नीति-निर्माताका रूपमा हावी भएका डा. रामशरण महतले सार्वजनिक घोषणै गरेका थिए । नीतिगत रूपमै आर्थिक प्रणालीगत फड्को मारिएपछि बजार हावी भयो । बजार स्वाभाविक रूपमा धनाढ्य र राजनीतिमा पहुँच भएका शक्तिहरूले मिलेमतोमा कब्जा गर्छन् । राज्यको दायित्वभित्र पर्ने बजारका गतिविधिमा गर्ने खबरदारी अर्थात् नियमन कमजोर वा शिथिल बनाइएपछि नीतिगत र व्यवहारगत भ्रष्टाचार आम बन्दै गयो । सार्वजनिक उद्यमहरूको निजीकरण गरिँदाका घोटालाहरू हरिसिद्धि ईंटा-टायल कारखानाको जग्गा विवाद, भृकुटी कागज कारखानाको अधीनस्थ जग्गा विवाद निकै पहिलादेखि नै चर्चामा थिए । पहिलाको छाला जुत्ता कारखाना र हालको बाँसबारीको सहिद गंगालाल फदय केन्द्रको १० रोपनी जग्गा चौधरी ग्रुपले कसरी हडप्यो भन्ने समाचार हालसालै प्रकाशित भएको छ । बाल संगठनको जग्गा मिचेको र बच्चा बेचेको आरोपको फेहरिस्त पनि प्रकाशमा आएको छ । यी सबै बजारलाई समृद्ध बनाउने नाममा भएका अभ्यास थिए ।

कांग्रेसको पहिलो सरकारको विघटनपछि एमाले शक्तिमा आयो । उसले 'आफ्नो गाउँ, आफैं बनाऔं' शीर्षकको जण्ड सुधारको कार्यक्रम अगाडि सार्‍यो । यो योजना ल्याउनुअघिको पार्टी केन्द्रीय कमिटी छलफलमा केहीले अब केन्द्रको भ्रष्टाचार गाउँगाउँ पुग्ने भो भनेका थिए । उक्त प्रोजेक्टमा भ्रष्टाचार हुन नदिन योजना र अनुगमनको नयाँ प्रणाली बनाउन सुझाइएको थियो तर पछि बेवास्ता गरियो । जण्ड सुधार लोकप्रिय बन्यो तर उचित नियमन र योजना नहुँदा आधारमै खिया लाग्न सुरु भयो । एमालेको नौमहिने सरकारका अन्तिम तीन महिना निकै गन्हाएको चर्चा थियो । यद्यपि अघिल्ला कुकृत्यका तुलनामा त्यो कमजोर भएकाले बढी हल्ला चलेन । त्यसपछि बनेका सबै अल्पमतका सरकारहरू भ्रष्ट भए भन्ने हल्लाले विस्तार पायो, अनेकन् सानाठूला काण्डहरू भए, केही पक्राउसमेत परे । जनतामा वितृष्णा जाग्यो । फलस्वरूप माओवादी जनयुद्ध खडेरीको डढेलोझैं विस्तार हुन पुग्यो ।

२०६२-६३ को आन्दोलन पनि सम्झौतामै टुंगियो । नेपालको हरेक आन्दोलन राजनीतिक सम्झौतामै टुंगिएको छ र हरेक सम्झौतामा पुराना शक्ति सांस्कृतिक रूपमा नयाँ शक्तिमाथि हावी हुँदै आएका छन् । २००७ सालमा राणाहरू तत्कालीन राजा र कांग्रेसमाथि हावी हुन पुगे । २०४६-४७ पछि कांग्रेस-एमालेमाथि दरबार पञ्चहरूको संस्कृति हावी हुन पुग्यो । २०६२-६३ मा माओवादीमाथि कांग्रेस र एमाले संस्कृति हावी हुन पुग्यो । परिवर्तनको मर्मलाई मारियो । त्यसपछि काण्डहरूको अनवरत सिलसिला सुरु भयो । माओवादीमाथि पनि क्यान्टोनमेन्ट काण्डमा ठूलो हिनामिना गरेको आक्षेप छ । केपी ओली नेतृत्वको तत्कालीन नेकपा सरकारमा समेत वाइड बडी खरिद, कोरोनाविरुद्ध भ्याक्सिन खरिद, नेपाल ट्रस्ट जग्गा हिनामिना आदि दर्जनौं काण्ड भए जुन बेला आजका माओवादी र एकीकृत समाजवादी पनि सामेल थिए । अहिलेको नेपालमा भ्रष्टाचार नहुने कुनचाहिँ क्षेत्र होला भनेर कसैले कहीं पनि ग्यारेन्टी गर्न सक्दैन । भ्रष्टाचार संस्थागत भएको छ ।

अहिले नक्कली शरणार्थी काण्ड उद्धाटित भयो । नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका बनाउने सरकारी जालो । कतिपय आरोपित पक्राउ परिरहेका छन् । छानबिन जारी छ । प्रतिष्ठित दलहरूका प्रतिष्ठित पदाधिकारीहरू मुछिएका छन् । यो मुद्दा किनारा लगाउनैपर्ने बाध्यता उत्पन्न भएको छ । २०४६-४७ र २०६२-६३ अघिझैं आम जनताको मनस्थिति आन्दोलित भएका कारण मुख्य राजनीतिक दलहरू यो र यस्ता सबै काण्डबाट पर्दा उठाउन बाध्य देखिन्छन् ।

**राजनीतिक तथा प्रशासनिक भ्रष्टाचारको छोटो चिनारी**

क्यानाडेली-अमेरिकी दर्शनशास्त्री डेभिड स्मिद्जले भ्रष्टाचारबारे मोटो परिभाषा प्रस्तुत गरेका छन् । 'एन एनाटोमी अफ करप्सन' (सोसल फिलोसोफी एन्ड पोलिसी फाउन्डेसन, सन् २०१९) लेखमा उनी लेख्छन्– 'भ्रष्टाचार' शक्तिको दुरुपयोग हो, जनमतबाट प्राप्त विश्वासमाथि धोका हो । भ्रष्टाचारको सिलसिला सुरु भएपछि नगदको प्रभावमा राजनीति मात्र होइन, विभिन्न रूपमा सरकारी र अर्धसरकारी स्वायत्त संस्थाहरूमा गलत मानिसहरूको प्रवेश हुन थाल्छ । त्यसपछि झन् अनवरत रूपमा सबै क्षेत्र भ्रष्टाचारका कारण विषाक्त बन्दै जान्छ । एउटा क्षेत्रमा गरिने भ्रष्टाचारले अन्य क्षेत्रको विकासमा समेत असन्तुलन ल्याइदिन्छ ।

यद्यपि भ्रष्टाचारको उपर्युक्त परिभाषा पूर्ण लाग्दैन किनकि भ्रष्टाचारका अनेकन् आयाम हुने गर्छन् । मेकियाभेलीले पुरानो जमानामा कसरी राजनीति, कर्मचारीतन्त्र तथा नागरिक तहमा हुनुपर्ने गुणहरू नष्ट हुँदै जाँदा भ्रष्टाचार मौलाउँछ भनेर व्याख्या गरेका थिए भने मनोवैज्ञानिक हर्स-एभरहार्ड रिक्टरले आधुनिक युगमा भ्रष्टाचारले कसरी राजनीतिक मूल्यमान्यतालाई लत्याउँछ भनी व्याख्या गरेका छन् । भ्रष्टाचारको अर्को आयाम भनेको सम्झौता अर्थात् दुई या बहुपक्षीय विनिमय पनि हो । 'भ्रष्टाचार' शब्दको व्यापक प्रयोग गरिन्छ । यद्यपि यसका अनेकन् रूप हुन्छन् । जस्तो–

(१) घुसखोरी (ब्राइबरी): राजनीतिक नियुक्ति, सरुवा-बढुवा, ठेक्कापट्टा वा सानाठूला कुनै पनि काम गरिदिएबापत निश्चित दरमा नगद लिने प्रवृत्ति । उदाहरणका रूपमा, बेनजिर भुट्टोका पति आसिफ जरदारीलाई यस्तै काम गरेबापत 'मिस्टर टेन पर्सेन्ट' भन्ने गरिएको थियो ।

(२) ठगी, बेइमानी, हिनामिना (इम्ब्याजलमेन्ट): मन्त्री वा सचिव वा अन्य अधिकारीद्वारा सरकारी स्रोत वा कोषको हिनामिना । यस्तो कार्यमा दोस्रो पक्ष वा नागरिकको संलग्नता हुँदैन ।

(३) जालसाजी, धोकेबाजी (फ्रड): जालसाजीभित्र छक्याउने, ठगी र कपट हुन्छ । यसमा घुसखोरी र बेइमानीको चरित्र मिश्रण हुन्छ । राज्यका संस्था र राज्यसत्ताका प्रतिनिधिहरू तथा साहू-महाजन मिलेर संस्थागत रूपमै गैरकानुनी धन्दा चलाउँछन्ह जस्तो– लागू पदार्थको ओसारपसार, सुन-चाँदी-हीरा जुवाहरातको धन्दा, मानव बेचबिखन आदि । यस्तो ठूलो धन्दा व्यक्तिविशेषले भन्दा पनि सरकारी आडमा गिरोह बनाई गरिन्छ ।

(४) धम्की दिएर लिइने फिरौती, लुट (एक्सटोर्सन) : यस्तो कार्यलाई माफियागिरी पनि भनिन्छ । असुरक्षाको यस्तो वातावरण तयार पार्ने जहाँ सर्वसाधारण, व्यापारी तथा सार्वजनिक क्षेत्रका कर्मचारीहरूमा डर अर्थात् असुरक्षाको भाव पैदा होस्, जहाँ सुरक्षा खरिद गर्न माफियालाई 'हप्ता' दिनुपरोस् ।

(५) नातावाद, कृपावाद, पक्षपात (फेभोरिटिजम) : नीतिनियम वा कानुनमा गरिने यस्तो फेरबदल जसका कारण निश्चित व्यक्ति, समूह र गिरोहलाई फाइदा पुग्छ । अचेल यस्तो कामका लागि 'क्रोनिइजम,' 'आफन्तवाद' जस्ता शब्दहरू लोकप्रिय बनेका छन् । टि-स्टेट लगायतका प्रयोजनका लागि हदबन्दीभन्दा माथिको जग्गा तिनका मालिकहरूलाई बेच्न उन्मुक्ति दिने गरी भूमिसम्बन्धी कानुन बनाउने, अवकाशप्राप्त उच्चपदस्थ कर्मचारीहरू मात्र योग्य हुने गरी संवैधानिक निकायहरूमा पदस्थापनसम्बन्धी व्यवस्था राख्ने, सार्वजनिक सम्पत्तिको निजीकरण गरी निश्चित व्यक्तिको हातमा उपलब्ध गराउने गरी प्रावधान मिलाउने जस्ता काम यहीअन्तर्गत पर्छन् ।

नेपालमा अचेल माथि उल्लिखित सबै किसिमका भ्रष्टाचार व्याप्त छन्, जसले गर्दा उदार प्रजातन्त्रमा गम्भीर चुनौती थपिएको छ ।

इन्डोनेसियाली अर्थराजनीतिज्ञ अलेक्ज्यान्डर आरिफियान्तोका अनुसार, भ्रष्टाचार विस्तारलाई विचारधारात्मक दृष्टिकोणका आधारमा तीन तहमा बाँड्न सकिन्छ । पहिलो, मूलधारको आर्थिक सिद्धान्तका आधारमा । दोस्रो, पैतृक विरासतका (प्याट्रिमोनियालिजम) आधारमा । सत्ताका विभिन्न तहमा पुऱ्याइएका योग्यता नभएका आफन्तहरू भ्रष्टाचारमा स्वत: लिप्त हुन्छन् । तेस्रो, चोरी गर्ने रोगका कारण खोज्न बनाइएको स्टेट थ्यौरी (क्लेप्टोक्र्याटिक स्टेट थ्यौरी) । यो थ्यौरीका अनुसार शासकहरू जब आफू र आफ्नो परिवारको हित सोच्न थाल्छन्, अनि धन थुपार्नका लागि भ्रष्टाचार मौलाउँछ (किकी भ्रिरेजेकी, 'करप्सन एन्ड कल्चर: रिभिजिटिङ द क्लेम अफ इट्स रिलेसनसिप,' आईसीओआरसी-२०१९) ।

राजनीतिशास्त्री इन्ज आमुदसेन (पोलिटिकल करप्सन: एन इन्ट्रोडक्सन टु द इस्युज, डब्लूपी, सन् १९९९) का अनुसार, आफूलाई राजनीतिमा टिकाइरहने उद्देश्यले राजनीतिक शक्तिको उन्मादमा निजी वा सार्वजनिक वस्तु तथा सेवाका माध्यमले गैरकानुनी ढंगले धन र बल आर्जन गर्नुलाई राजनीतिक भ्रष्टाचार भनिन्छ । यस्तो भ्रष्टाचार उपल्लो तहका राजनीतिक निर्णयकर्ताहरू सामेल भएर मात्र सम्भव हुन्छ । राजनीतिक भ्रष्टाचारको अर्थ स्रोतको दुरुपयोग मात्र हुँदैनह यसले गलत अनुसन्धान, गलत अनुमान, गलत समयसारिणी, गलत ठेकेदारको चयन जस्तो दुष्कर्मतर्फ धकेल्छ । सम्बन्धित संस्थाहरूलाई भ्रष्ट बनाउँछ, प्रणालीलाई नै असफल तुल्याउँछ र अन्तमा मुलुकलाई अनावश्यक आर्थिक भार बोकाउँछ । जस्तो– नेपालमा मेलम्ची, मध्य मर्स्याङ्दी लगायतका विकास परियोजनाहरू तोकिएको समयमा नसक्दा लागत पहिले इस्टिमेट गरिएको भन्दा दोब्बरतेब्बर भएको छ ।

**के नेपालमा भ्रष्टाचार निर्मूल हुन सम्भव छ ?**

कोर्नेल विश्वविद्यालयका दर्शनशास्त्रका प्रोफेसर रिचार्ड मिलर पुँजीवादको नयाँ चरित्रको व्याख्या गर्दै 'इज क्यापिटालिजम करप्ट ?' (सोसल फिलोसोफी एन्ड पोलिसी, २०१८) लेखमा लेख्छन्, 'आधुनिक पुँजीवादका दुइटा चरित्र छन् र ती समाजमा प्रतिविम्बित भइरहन्छन् । नवउदारवादी पुँजीवादले वर्तमान समाजमा श्रमजीवी वर्गको बार्गेनिङ पावर कमजोर बनाइदियो । राज्यले निर्माण गरेको यस्तो राजनीतिक परिवेशलाई धन आर्जनको मौका ठानियो । बहुसंख्यक श्रमजीवीलाई जीवन जीउन नसक्ने अवस्थामा राखेर नाफा आर्जन गर्ने परिपाटीलाई आर्थिक विकासको अवसरका रूपमा जब अर्थ्याइन्छ र त्यस्तै नीतिलाई कानुनी रूपमा वैद्यता दिँदै धन कमाउन प्रोत्साहन गरिन्छ, त्यस्तो चरित्रको आधुनिक पुँजीवादमा भ्रष्टाचार निर्मूल हुने सम्भावना हुन्न ।'

नेपाली समाज भ्रष्टाचारविहीन होस् भन्नका लागि सबैभन्दा पहिले राजनीतिको मुहान नै सफा गर्नुपर्छ । 'राजनीतिको मुहान' ले सिद्धान्तनिष्ठ, मुलुक रूपान्तरणको प्रस्ट योजनासहितका राजनीतिक पार्टीहरू र तिनका भ्रातृ-भगिनी संगठनहरूलाई बुझाउँछ । नेपालका अधिकांश संसदीय राजनीतिक पार्टी अचेल जनताको योगदान (मासिक लेभी, चन्दा तथा स्वैच्छिक दान) बाट चल्दैनन् । कुनै पनि पार्टीमा कोही पनि स्वयंसेवा भावले क्रियाशील छैन । राज्यसत्ताको दोहन नै पार्टी सञ्चालनको मुख्य स्रोत बनाइएकाले सत्तामा समाहित भएपछि पार्टीहरू जनताप्रति जवाफदेह हुनुपरेन । कार्यकर्ताको मूल्यांकन उसले पार्टी नेतृत्वलाई कति दान गर्छ भन्नेबाट हुने भएपछि नेता-कार्यकर्ताहरू 'मास लेभल' मै अनैतिक क्रियाकलापमा संलग्न हुनुपर्ने बाध्यकारी अवस्था खडा हुन्छ ।

*(साभार: ई-कान्तिपुर)*

# भारतलाई चुरेको ढुंगा गिट्टी बालुवा बेच्न राष्ट्रिय सहमति



काठमाडौं/घोषणाअनुसार काम भए अबको एक वर्षभित्र नेपाल सरकारले भारतमा ढुंगा गिट्टी बालुवाको निकासीका लागि बजार खोज्ने छ । र, भारतका सीमावर्ती क्षेत्रका सडक, रेल, विमानस्थलसहित विभिन्न निर्माणाधीन ठूला परियोजनाका लागि नेपालका नदी र पहाडबाट ढुंगा, गिट्टी र बालुवा निजी कम्पनीहरुमार्फत निकालेर दैनिक सयौं गाडी भारततर्फ निकासी हुनेछन् । यस्तो भयो भने नेपालको खोला नाला, पहाड, चुरे क्षेत्र र तराई–मधेशसहित टिपर दौडिने सडकमार्गहरुको अवस्था के होला ?

त्यसको गतिलो जवाफ हो, २२ जेठ २०७८मा बजेटमार्फत केपी शर्मा ओली नेतृत्वको सरकारले व्यापार घाटा कम गर्न ढुंगा गिट्टी र बालुवा निकासी गर्ने घोषणा गरेपछि तत्कालीन प्रतिपक्षी तथा हालको सत्तारुढ गठबन्धनले जारी गरेको विज्ञप्तिको अंश ।

'ढुंगा, बालुवा र गिटीको निकासी गर्न चुरे क्षेत्र लगायतको उत्खनन गर्न दिने घोषणा नेपालको तराई क्षेत्रलाई मरुभूमीकरण गर्ने र त्यहाँका वासिन्दाहरुलाई बाढी, डुबान र पानीको सोत सुक्ने समस्यामा पार्दै जनजीवनलाई नै जोखिमयुक्त बनाउने राष्ट्रघाती र जनघाती घोषणा हो,' विज्ञप्तिमा भनिएको थियो ।

वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसहित कांग्रेसका सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एमाले नेता माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेल संयुक्त रुपमा हस्ताक्षर गरेको सो वक्तव्यमा चुरेबारे कम्ता चिन्ता व्यक्त गरिएको थिएन । 'बजेट घाटा पूर्ति गर्ने भ्रम छर्दै सरकारले घरमा आगो लगाएर खरानी बेचने कुकर्म गरिरहेको छ, वस्तुत: यो सत्ता टिकाउनका लागि कसैलाई रिझाउने र राष्ट्रिय स्रोतलाई निहित स्वार्थ साधनका लागि दुरुपयोग गर्ने राष्ट्रहित विरोधी निर्णय हो,' वक्तव्यमा ओली सरकारलाई भारत परस्त भएको संकेत गर्दै भनिएको थियो ।

अहिले सत्ता गठबन्धन फेरिएको छ, नेकपा एमाले प्रतिपक्षमा छ र कांग्रेस–माओवादी सत्ता नेतृत्वमा छन् । तर, ढुंगा गिट्टी बालुवा निर्यात गर्ने सत्ताधारीको योजना अहिले पनि फेरिएको छैन । बरु त्यसमा जनता भुलाउने शब्दजाल भने फेरिएका छन् ।

'वातावरण प्रतिकूल नहुने गरी नदीजन्य ढुङ्गा, गिट्टी, बालुवा संकलन र वितरण गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ । चुरे संरक्षण गर्दै वातावरणीय ह्रास नहुने गरी त्यस्ता खनिज वस्तुको उत्पादन र निर्यातको व्यावसायिक सम्भावना खोजिनेछ,' गत ५ जेठमा संसदमा पेश भएको नीति तथा कार्यक्रमको ४२ नमबर बुँदामा भनिएको छ ।

यो नीतिविरुद्ध यसपटक पूर्वप्रधानमन्त्री तथा प्रमुख प्रतिपक्षी दल एमालेका अध्यक्ष केपी शर्मा ओलीले संसदको रोष्ट्रममा उभिएर विरोध जनाएका छन् । आइतबार उनले चुरेमा क्रसर चलाएर भारतमा ढुंगा बेच्न खोजिएको भन्दै सरकारको आलोचना गरेका थिए ।

यसपालि मात्रै हैन, गत वर्ष पनि संसदमा पेश भएको बजेटमा नै यो योजना घुसेको थियो । बजेट वक्तव्यमा नै महाभारत क्षेत्रमा खानी विभागले पहिचान गरेका सम्भाव्य स्थानबाट वातावरणीय मूल्यांकनका आधारमा मार्बल, ग्रेनाइट तथा बहुमूल्य धातु, फलाम, ढुंगा र चट्टानको उत्खनन तथा प्रशोधन गरी निर्यात गर्ने उल्लेख थियो । बाहिर विज्ञहरुले विरोध गर्दागर्दै सदनले जस्ताको तस्तै पास गर्‍यो ।

यसपटक पनि त्यही नीति अझ स्पष्ट रुपमा कार्यान्वयनमा जाने मनासयसहित आएको छ । चुरे क्षेत्र दोहन गर्ने योजना भन्दै विज्ञहरुले गरिरहेको विरोधका बीच पनि वर्षैसाल एउटै घोषणा भइरहेका छ त ? यसको पछाडिको कारण हो, ढुंगा गिट्टी बालुवा निकासीमा निजी क्षेत्रको नलुकेको चासो ।

यसपटक बजेट निर्माणका लागि सुझाव दिने क्रममा निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य संघले औपचारिक रुपमै पर्यावरण जोगाउँदै ढुंगा गिट्टी बालुवाको निर्यात खोल्न सुझाव दिएको थियो । महासंघले यस्तो निर्यातबाट वर्षमा देशले २ अर्ब डलर (२ खर्ब ६४ अर्ब रुपैयाँ) आम्दानी गर्न सक्ने निष्कर्ष नै लिखित रुपमा अर्थ मन्त्रालयलाई बुझाएको थियो ।

नेपाल उद्योग परिसंघले पनि ढुंगा गिट्टीको दिगो उपयोग हुने गरी प्रचलित कठोर कानुन खोल्न माग गरेको थियो । यसैलाई आधार बनाएर सरकारले यसपटक 'चुरे बचाउँदै निर्यातको सम्भावना खोज्ने' रक्षात्मक वाक्यांश प्रयोग गर्दै निर्यातको ढोका खोल्न लागेको हो । निजी क्षेत्रले नै उठाएको मुद्दा भएकाले दलहरुबीच अन्यमा जस्तै यो नीतिमा तीव्र मतान्तर देखिएको छैन । प्रतिपक्षी दलहरु राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी पनि यो नीतिविरुद्ध बोलेका छैनन् ।

### "पैसाको मामिलामा सबै मिले"

विज्ञहरु नै देशको प्राकृतिक सम्पदामाथि दोहन, चुरेको विनास र तराईको मरुभूमीकरणको 'योजना'मा राष्ट्रिय सहमति नै जुटिसकेको आशंका व्यक्त गर्छन् । निजी क्षेत्रले नै खुलमखुला यस्तो नीतिका लागि लबिइङ गरेको भन्दै यसमा सबै दलको मिलिभगत हुनसक्ने आंशका उनीहरुलाई छ ।

चुरे संरक्षण विद् डा. विनोद भट्ट 'पैसा'को मामिलामा सबै दल एकै ठाउँमा उभिने गरेको विगत यसपटक पनि दोहोरिएको बताउँछन् । 'सत्तामा जो पुगे पनि यस्तो आम्घाती योजना तेहेयाएर ल्याइनुले यस मामिलमा दलहरु मिलेका छन् कि भन्ने लाग्न थालेको छ,' उनी भन्छन्,'जब स्रोत र काइको कुरा आउाछ सबै दल एक ठाउँमा उभिएको देखिन्छ ।' प्रतिपक्षी एमालेले यो नीति विरुद्ध संसदमा उठएको आवाज पनि बाहिर झगडा गरेजस्तो गरेर भित्र मिल्ने फिल्मी दृश्यसँग तुलना गर्न सकिने उनले बताए ।

वन तथा वातावरण मन्त्रालयका अधिकारीहरु पनि केही स्वार्थ समूहको योजनाअनुसार ढुंगा गिट्टी निर्यात गर्न सर्ब दल सहमत भइसकेको आशंका गर्छन् । 'कुनै यो विषयलाई गम्भीरताको साथ सडक र सदनमा उठाएको देखिन्न,' वन मन्त्रालयका एक अधिकारीले भने,'गत वर्ष मात्रै सबै दलको सहमतिमा वन क्षेत्रमा रहेका ढुंगा खानी खन्न मिल्ने गरी वन नियमावली बनाइएको छ, ढुंगा र बालुवा निर्यात गर्ने व्यापार 'हिरुको अबको योजनामा सबै दल सहमत हुनु नौलो भएन ।'

उनका अनुसार वन ऐन २०७६ को दफा ४३ मा राष्ट्रिय प्राथमिकता प्राप्त, लगानी बोर्डबाट विदेशी लगानी स्वीकृत भएको र राष्ट्रिय गौरवका आयोजनामा प्रयोग हुने कच्चा पदार्थ उपयोगको लागि बाहेक अन्य प्रयोजनमा वन क्षेत्रबाट खनिजजन्य वन पैदावार उत्खनन गर्न नपाइने उल्लेख छ । वन नियमावली–२०७९ले वन क्षेत्रभित्र बग्ने नदीबाट सबै प्रयोजनका लागि नदीजन्य ढुङ्गा, गिट्टी वा बालुवा संकलन र बिक्री गर्न पाइने व्यवस्था गरेको छ । अब सामुदायिक वनबाट बग्ने नदी र खोलानाला दोहन बढाउने र सरकारले पहिचान भएका ९२ वटा खानी निजी क्षेत्रलाई दिएर सञ्चालन गर्न दिएर निर्यात थाल्ने योजना बनेको स्पष्ट भएको वन अधिकारीहरुको आशंका छ । खानी विभागले धनकुटा, ललितपुर, मोरङ, मकवानपुर, पाल्पा, अर्घाखाँची, चितवन, डोटी, डडेलधुरा, प्यूठान, सुर्खेत, सल्यान, सिन्धुली र उदयपुरका विभिन्न स्थानमा पहिचान गरेका ढुंगा खानीहरु अधिकांश चुरे, भावर, सिवालिक र नदी प्रणालीकै आसपासमा पर्छन् ।

अहिलेसम्म नेपालमा प्राकृतिक स्रोत उपयोगसम्बन्धी कानुन नै छैन । चुरे संरक्षण तथा ढुङ्गा, गिट्टी र बालुवालगायतका प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थित उपयोगबारे अन्तर सरकारी समन्वय हुने खालको कानुन पनि बनेको छैन ।

ढुङ्गा, गिटी निकासीले वातावरणमा के असर पार्छ भन्ने अध्ययन समेत भएको छैन । यस्ता प्राकृतिक स्रोतमा प्रदेश, स्थानीय सरकारको अधिकारबारे छलफल समेत नभएको बेला संघीय सरकारले भने बजेटमार्फत निकासीको नीति तेहेऱ्याएर ल्याएको छ ।

तर, सरकारको यो घोषणा सरकारले सर्वोच्च अदालतको आदेश विपरीत छ । ढुङ्गा गिटी निकासी खुला गर्दा चुरे पहाडको दोहन भई तराई मरुभूमीकरण हुने र नागरिकको स्वच्छ वातावरणको मौलिक हक हनन हुने दाबी गर्दै सर्वोच्चमा ७ वटा रिट परेको थियो । ४ असार २०७८ मा सर्वोच्च अदालतले प्राकृतिक स्रोत साधनमा तत्कालको लाभहानी हेरेर निर्णय गर्नु उचित नहुने भन्दै ढुङ्गा, गिटी र बालुवा निकासीमा रोक लगाएको थियो ।

तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा, न्यायाधीशहरु दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की र विश्वम्भरप्रसाद श्रेष्ठको संवैधानिक इजलासले व्यापार घाटा कम गर्ने नाममा ढुंगा, गिटी निकासी गर्नु उचित नहुने ठहर गरेको थियो । 'खानीजन्य ढुङ्गा गिटी, बालुवा निकासी गर्नुपर्ने कारण सम्बन्धमा - आर्थिक वर्ष २०७/७९ को) बुँदा नं १९९ मा व्यापार घाटा कम गर्ने उद्देश्य लिएको देखिन्छ' आदेशमा भनिएको छ 'राष्ट्रको प्राकृतिक स्रोतको उपयोगमा अन्तर पुस्ता समन्वय र वातावरणीय अनुकूलनलाई महत्वका साथ हेरिनुपर्छ ।'

सर्वोच्चले ढुंगा, बालुवा, गिटीजस्ता प्राकृतिक स्रोत साधन उत्खनन गरी निकासी गर्दा राष्ट्रको प्राकृतिक स्रोत, वातावरणीय प्रभाव, वन्यजन्तु, पशुपंक्षी, वनस्पति समेतका जैविक विविधतामा दूरगामी असर पार्ने ठहर गरेको थियो । ढुंगा, गिट्टीजस्ता प्राकृतिक स्रोत साधनमा राष्ट्रको स्थायी सार्वभौम अधिकार जस्तो आत्मनिर्णयको अधिकार हुने र सोको उपयोगको विषयमा संसदबाट कानुन नबनेका बेला अध्यादेश ल्याउनु उचित नहुने सर्वोच्चको निष्कर्ष थियो । 'दूरगामी असर पार्ने प्राकृतिक स्रोत साधनजस्तो दीर्घकालीन महत्वको विषयमा अध्यादेशबाट उक्त कार्य गरिँदा विधायिकाको अधिकार र प्रभावकारितामा हस्तक्षेप हुन जाने सन्दर्भ तथा सुविधा सन्तुलनका दृष्टिले अहिले नै बजेटको बुँदा नम्बर १९९ कार्यान्वयन गरिनु उपयुक्त देखिएन' सर्वोच्चको आदेशमा भनिएको थियो । तर, यही आदेशलाई मिच्दै सरकारले पटक-पटक ढुंगा निकासीको योजना ल्याइरहेको छ ।

### विज्ञ भन्छन्- पर्यावरणको हत्या गर्ने नीति

वातावरण तथा चुरे मामिलाका विज्ञ डा. विनोद भट्ट ढुंगा, गिट्टी बालुवा निर्यात गर्ने योजना आफ्नै खुट्टामा वञ्चरो हान्नु सरह भएको टिप्पणी गर्छन् । यो योजनाअनुसार निर्यात सुरु भए देशकै लागि दुर्भाग्य हुने उनको भनाइ छ ।

देशभित्रै विकासका थुप्रै काम गर्नुपर्ने र त्यसका लागि नै आवश्यक पर्ने ढुंगा गिट्टीको उचित व्यवस्थापन गर्नुपर्ने बेला सरकारले सही बाटो नसमातेको उनको आरोप छ । 'पैसा र कारोबारको कुरा आएपछि हाम्रा राजनीतिक दलहरु एकै मत हुन्छन्,' उनी भन्छन्,' अहिलेसममका सरकारहरुको कार्यशैली हेर्दा वातावराणप्रति संवेदनशीलता भाषणमा मात्रै देखिएकाले ढुंगा गिट्टीको निर्यात कहिले बाट सुरु हुने हो भन्न सकिन्न ।'

सरकारले चुरे जोगाउँदै निर्यात खोल्ने बताएपनि निकासी सुरु भएपछि चुरेको संरक्षण हुनेमा विश्वस्त छैनन् । चुरे/शिवालिक भौगोलिक क्षेत्र हिमालय पर्वत शृफ्लाको महाभारतदेखि दक्षिणी भागमा पूर्व-पश्चिम भई फैलिएर रहेको होचो र कमलो पहाड हो । यो पहाड करीब चार करोड वर्ष पहिले गेगर थुप्रिएर भौगर्भिक दरारहरूको बीचमा बनेको अनुमान छ ।

चुरे क्षेत्र पूर्व इलामदेखि पश्चिम कञ्चनपुरसम्म ३७ जिल्लामा (सुस्ता पूर्व नवलपरासीसमेत) फैलिएको छ । चुरे भूपरिधि प्राकृतिक र पारिस्थितिकीय प्रणालीअनुरूप विशेष र अन्यत्रभन्दा फरक र संवेदनशील मानिन्छ । चुरेको नाजुक भू-बनोट, माटोको कमजोर प्रकृति, जैविक विविधतामा ह्रास र छोटो समयमा सघन वर्षा लगायत कारणले अति संवेदनशील मानिन्छ ।

चुरे तराई-मधेस संरक्षण विकास समितिका पूर्वसदस्य तथा चुरेविज्ञ विजयकुमार सिंह दनुवार निकासीकै लागि जथाभावी उत्खनन गरेर ढुंगा निकाल्दा कालान्तरमा महाभारत र चुरे क्षेत्र तसहनहस हुने बताउँछन् । तर, चुरेभन्दा माथिको महाभारत पर्वत शृफ्लामा हुने गतिविधि पनि चुरे र तराई मधेशसँगै जोडिने विज्ञ दनुवारको भनाइ छ ।

'महाभारतका पहाडहरू उत्खनन गर्दा २५/३० प्रतिशत मात्रै निर्यातयोग्य ढुंगा, गिट्टी निस्कन्छ, बाँकी ७०/७५ प्रतिशत 'डेमरेज' नदी-खोलामै मिसिएर तराईमा पुग्छ' उनी भन्छन्, 'दर्जनौं पहाड त्यसरी खोतलियो भने तराई पुरिन कत्ति पनि समय लाग्दैन ।'

सरकारले व्यवसायीले देखाएको २ खर्बको 'ललिपप'मा भुलिएर गलत बाटो समातेकोदुनवारको आरोप छ । 'चुरे संरक्षणको लागि ऐन ल्याउनुपर्ने बेलामा चुरे खनेर भारतको माग अनुसार ढुंगा माटो बेच्ने योजना आएको छ,' उनी भन्छन्,' हाम्रा सबै पहाड खोतल्दा निस्किने ढुंगा गिट्टी बालुवाले भारतको विहार, उत्तरप्रदेश र पश्चिम बंगालको माग पुरा हुँदैन, निकासी खोल्यौं भने यसको नियन्त्रण हामीभन्दा बाहिर जान्छ ।'

ढुंगा गिट्टी बालुवा बेच्नु आमालाई वेश्यावृत्तिमा लगाउनुजसतै भएको टिप्पणी गर्दै उनले तराई मधेशको 'इको सिस्टम' खत्तम बनाउने सरकारी योजनाको जति विरोध गरे पनि कम हुने बताए । 'ढुंगा माटो निकासी गर्ने नीति आत्मघात हो, तराई मधेश र त्यहाँको पर्यावरणको हत्या हो, प्रधानमन्त्रीको आसन्न भारत भ्रमणमै यसबारे सहमति हुनसक्ने खतरा पनि छ,' उनी भन्छन्,' यस्तो नीतिले जतिआर्थिक लाभ दिन्छ, त्योभन्दा लाखौं गुणा बढी क्षति गर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# अनमोलप्रति हराउन थालेको विश्वास



काठमाडौं/संसार विश्वासमा चलेको छ । र, विश्वास यस्तो चिज हो, जुन कमाउन गाह्रो र गुमाउन सजिलो छ । जब कसैप्रति विश्वास गुम्छ, तब उसलाई हेर्ने दृष्टिकोण नै परिवर्तन हुन्छ । नैतिकता, इमानदारिता र सदाचार विश्वास टिकाइराख्ने शुत्र हुन् । निजी सम्बन्धमा मात्र होइन, व्यावसायिक पाटोमा पनि विश्वास आर्जन गर्नु सबैभन्दा ठूलो कुरा हो । विश्वास नै व्यक्तिको चिनारीको बलियो आधार हो ।

कसैप्रति विश्वास हराउन थालेपछि कुन हदसम्म शंका उत्पन्न हुन्छ भन्ने कुरा अभिनेता अनमोल केसीलाई हेर्दा थाहा हुन्छ । 'छड्के २' असफल भए पनि उनको नामले फिल्म चल्छ भन्ने विश्वास मेकरहरुलाई अझै छ । तर, उनले फिल्म साइन गरेपछि छाड्दैनन् भन्ने विश्वास भने गुम्न थालेको छ । किनकि, उनी फिल्म साइन गर्दै छाड्ने मामलामा सम्भवत: संसारमा नै सबैभन्दा अगाडि छन् ।

'धुपौरे', 'ब्याचलर बन्टी', 'एक्स ९', 'हनी बनी' र पूजा शर्माको फिल्म उनले साइन गरेर पछि छाडेका फिल्म हुन् । यसैले आजकाल उनले नयाँ फिल्म साइन गर्नसाथ छाड्ने चर्चा पनि सुरु हुन थाल्छ । उनले शुक्रबार सुयोग गुरुङको निर्देशन र रोहित अधिकारीको निर्माण रहने फिल्म 'फर्की फर्की' सम्झौता गरे । तर, अनमोलले यो फिल्म पनि छाड्ने त होइनन् भन्ने प्रश्न उब्जन थालिसकेको छ ।

रोहितलाई मिडियाकर्मी र दर्शकहरुले यो प्रश्न सोधेर हत्तुहैरान नै बनाइसकेका छन् । यसबारेमा उनले स्पष्टिकरण नै दिनुपरेको छ । उनी फेसबुकमा लेख्छन्, 'यो फिल्म अनमोलको प्रोजेक्ट हो र यसमा हामी 'इन' भएका हौं । त्यसैले हामीले फिल्म छोड्दैनौं । फिल्म भनेकै डेटमा सुटिङमा जान्छ ।' निर्माता अधिकारीले स्पष्टिकरण दिनुपर्ने अवस्था अनमोलप्रति विश्वास गुम्नुले आएको हो ।

अनमोलको समस्या भनेको उनी 'वान लाइन स्टोरी' सुनेको भरमा फिल्म साइन गरिदिन्छन् । जब फाइनल स्क्रिप्ट हातमा पर्छ तब अर्कै हुन्छ । अनि उनी केही नसोची फिल्म छाडिदिन्छन् । स्क्रिप्ट चित्त नबुझेपछि फिल्म नगर्नु राम्रो कुरा हो । तर, यो उनले फिल्म सम्झौता गर्नुअघि सोच्नु पर्ने कुरा हो । हतारमा फिल्म साइन गरेर पछि छाड्ने आचरणले उनीप्रति विश्वास गुम्दै गएको अवस्था छ ।

# 'अल टाइम ब्लकबस्टर' बन्यो 'द केरला स्टोरी'




काठमाडौं/फिल्म कलाकारको स्टारडमले होइन, कन्टेन्टले चल्छ भन्ने उदाहरण बनेको हिन्दी फिल्म 'द केरला स्टोरी' 'अल टाइम ब्लकबस्टर' बनेको छ । सिर्फ २८ करोडको लागतमा निर्माण भएको फिल्मले भारतीय बक्सअफिसमा २ सय करोडको आँकडा पार गरेको छ । फिल्मले प्रदर्शनको १९ दिनमा २ सय ३ करोड ४७ लाख नेट कमाएको ट्रेड एनालिस्ट तरण आदर्शले जानकारी गराएका छन् ।

प्रदर्शनको ९ दिनमा नै १ सय करोडको आँकडा पार गरेको फिल्मले तेस्रो हप्तामा पनि बलियो कमाई गरिरहेको छ । यो फिल्मको 'लाइफटाइम कलेक्सन' साढे २ सय करोड आसपासमा समेटिने आँकलन ट्रेड एनालिस्टहरुको छ । बलिउड फिल्मको इतिहासमा नै सर्वाधिक कमाई गरेको 'पठान'भन्दा लगभग दोब्बर मुनाफा 'द केरला स्टोरी'ले कमाएको भारतीय मिडियाले दाबी गरेका छन् ।

यो वर्ष भारतीय बक्सअफिसमै २ सय करोड कमाउने दोस्रो हिन्दी फिल्म पनि 'द केरला स्टोरी' बनेको छ । साढे ५ सय करोडको कलेक्सन गर्दै अभिनेता शाहरुख खान अभिनीत फिल्म 'पठान' पहिलो नम्बरमा छ भने १ सय ४९ करोड कमाउँदै तेस्रो नम्बरमा फिल्म 'तू झुठी मैं मक्कार' रहेको छ । त्यस्तै, चौंथो नम्बरमा १ सय १० करोड कमाउँदै फिल्म 'किसी का भाई किसी की जान' छ ।

सुदीप्तो सेनको निर्देशन तथा विपुल अमृतलाल शाहको निर्माण रहेको फिल्ममा अदा शर्मा, योगिता बिहानी, सोनिया बलानी, सिद्धि इडनानी, देवदर्शिनी, विजय कृष्ण लगायतको अभिनय छ । फिल्मले फरक-फरक पृष्ठभूमिका तीन युवतीहरुको कथा उठाएको छ, जसलाई धर्म परिवर्तन गर्न लगाएर आतंकवादी संगठनमा जान बाध्य पारिन्छ । यो फिल्म सत्य घटनामा आधारित भएर बनेको हो ।

# 'हल्कारा'को चिठ्ठी लेखन प्रतियोगितामा ३ जना विजेता

काठमाडौं/गत बैशाख २९ गते प्रदर्शनमा आएको फिल्म 'हल्कारा'ले आयोजना गरेको चिठ्ठी लेखन प्रतियोगिताको विजेता घोषणा गरिएको छ । प्रतियोगितामा भाग लिएकामध्ये मापदण्डमा परेका मध्येबाट तीनजना विजेता छानिएका हुन् । जसमा प्रथम पुरस्कार कास्कीका विक्रम परियार, द्वितीय पुरस्कार काठमाडौंकी बबिता थापा र तृतीय पुरस्कार मकवानपुरका बासुदेव अर्यालले प्राप्त गरेका छन् ।

प्रथम पुरस्कारको राशी ५० हजार, दोस्रो पुरस्कारको राशी ३० हजार र तेस्रो पुरस्कारको राशी २० हजार रहेको छ । चिठ्ठी लेखन प्रतियोगिताको विजेताहरुलाई सम्पर्क गरी रकम प्रदान गर्ने निर्माण टिमले बताएको छ । यो प्रतियोगितामा आफ्नो जीवनबाट टाढा भैसकेका, आफूले निकै चाहेका, आफूले चाहेर पनि नपाएका अथवा आफुले सँधै सम्झिरहने व्यक्तिलाई पत्र लेख्न भनिएको थियो ।

पत्र पठाउँदा नेपालको गोश्वारा हुलाक कार्यालयमा पठाइएको हुनुपर्ने सर्त राखिएको थियो । र, सोही अनुरुप नेपाल तथा विदेशबाट पत्रहरु प्राप्त भएका थिए । यो प्रतियोगिताको विजेता घोषणा बैशाख २७ गते हुने भनिएता पनि केही प्राविधिक जटिलताका कारण मंगलबार मात्र नतिजा प्रकाशन गरिएको हो । 'हल्कारा'ले व्यावसायिक सफलता हासिल नगरे पनि समीक्षा उत्कृष्ट पाएको थियो ।

विक्रम सापकोटाको लेखन तथा निर्देशन रहेको फिल्ममा महेश त्रिपाठी, बिनिता थापा मगर, शारदा गिरी, रोशनी कार्की, पशुपति राई, उमेश तामाङ्ग, विद्या कार्की, प्रकाश दाहाल, बिष्णुभक्त अधिकारी, दीपक क्षेत्रीलगायतको मुख्य भूमिका छ । यो फिल्मले 'वर्ल्डफेस्ट ह्युस्टन फिल्म फेस्टिभल २०२२'मा सर्वश्रेष्ठ फिल्म, उत्कृष्ट अभिनेता र उत्कृष्ट सिनेमाटोग्राफीको अवार्ड जितेको थियो ।

# चितवन राष्ट्रिय निकुञ्जमा १० वर्ष यताकै धेरै पर्यटक

चितवन/चितवन राष्ट्रिय निकुञ्जमा पछिल्लो १० वर्षमा सबैभन्दा धेरै पर्यटक चालु आर्थिक वर्षमा आएका छन् । भूकम्प, नाकावन्दी, कोरोना भाइरसको महामारी पछि पहिलोपटक निकुञ्जमा ठूलो संख्यामा पर्यटकहरु आएको निकुञ्ज कार्यालयले जनाएको छ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार चालु आर्थिक वर्षको २ महिना (जेठ र असार) बाँकी छदै निकुञ्जमा बैशाखसम्म २ लाख ६३ हजार पर्यटकहरूले निकुञ्ज भ्रमण गरेका छन् । निकुञ्जमा पछिल्लो १० वर्षमा यति ठूलो संख्यामा पर्यटक घुम्न आएका पहिलो पटक हो । चालु वर्षमा १ लाख ८७ हजार २ सय १७ नेपाली, सार्क देशका २७ हजार ८ सय ७४ र तेस्रो मुलुकका ४८ हजार ७ सय १५ पर्यटकले निकुञ्ज घुमेका छन् ।

नेपालीहरु सबैभन्दा धेरै कार्तिक महिनामा २९ हजार ६ सय १५ जना, सार्क देशका बैशाख महिनामा ५ हजार ७९ जना र तेस्रो देशका कार्तिक महिना मै ८ हजार ८ सय ८२ जनाले निकुञ्ज भ्रमण गरेका छन् । *(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

साझाकुरा

"तपाईं हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# प्रदेश सरकार 'कालो धनलाई सेतो बनाउन' लागेको सांसदहरुको आरोप

साझाकुरा संवाददाता



हेटौंडा, ९ जेठ/बागमती प्रदेश सरकार कानुन बनाएरै 'कालो धनलाई सेतो बनाउने' खेलमा लागेको सांसदहरुले आरोप लगाएका छन् ।

मंगलबार प्रदेशसभाको दोस्रो अधिबेशनको पहिलो बैठक शुन्य समयमा र सञ्चारकर्मीसँग बोल्दै सांसदहरुले सरकार व्यापारीलाई फाइदा पुग्ने गरी कानुन ल्याउन उद्दत रहेको आरोप लगाएका हुन् । प्रदेशसभामा सभामुख भुवन पाठकले प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश प्रमुख यादवचन्द्र शर्माले पुन:विचारका लागि सन्देशसहित प्रदेशसभामा फिर्ता पठाइदिएको जानकारी सदनलाई गराएका थिए । सभामुख पाठकले प्रदेश प्रमुखको ३ पृष्ठ लामो सन्देश पनि पढेर सुनाएका थिए । शर्माको सन्देशमा चिठ्ठा विधेयकले कालो धनलाई सेतो बनाउन सहज बनाउने भएकाले पुन:विचारका लागि प्रदेशसभामा पठाएको स्पष्ट छ ।

प्रदेश प्रमुख शर्माको सन्देश सुनिसकेपछि रोष्टममा बोल्न आएका नेकपा एमाले बागमती प्रदेशका प्रमुख सचेतक मधुसूदन पौडेलले प्रदेश सरकार कालो धनलाई सेतो बनाउन लागिपरेको आरोप लगाए । उनले प्रदेश सरकार सीमित व्यापारीको प्रभावमा परेको दाबी गरे । सरकार केही व्यापारीको प्रभावमा परेर व्यापारी र बिचौलिया पोस्न सक्रिय रहेको पौडेलको आरोप छ । सरकारले जनताको कामलाई ध्यान दिन छोडेर कालो धन सेतो बनाउने कार्यमा जुटेको भन्दै एमालेले कडा आपत्ति जनाएको छ । प्रदेशसभा बाहिर पत्रकारसँग कुरा गर्दै पौडेलले भने, 'जनता समस्या नै समस्यामा छन् । सरकार भने आवश्यक नै नपरेको चिठ्ठा विधेयक ल्याएर बसेको छ । अहिले किन चाहियो चिठ्ठा विधेयक ? कसका लागि चाहिएको हो ? सरकार व्यापारीलाई फाइदा पुऱ्याउन लाग्नु गम्भीर विषय छ ।,'

उनले व्यापारीको कालो धन सेतो बनाउनेतर्फ सरकारले महत्व दिएको आरोप लगाए । 'सरकार केही व्यापारीको प्रभावमा परेको छ । किन पर्दैछ ? सरकारको ध्यान जनताको समस्यामा भन्दा पनि व्यापारी पोस्नमा छ । सरकारको ध्यान आर्थिक संकटलाई सुधार गर्न, महँगी नियन्त्रणमा छैन । सरकारको ध्यान कालो धनलाई सेतो बनाउन चिठ्ठा खेलाउनमा छ । किन ?,' पौडेलले प्रश्न गरे । राप्रपाका नेता उद्धव थापाले २०४६ सालपछिका नेता र उच्च पदस्त कर्मचारीको सम्पत्ति छानबीन गर्नुपर्ने समेत बताए । पञ्चायतकालीन नेता पनि २०४६ मा समेटिने उनले बताए । उनले उक्त कार्यको सुरुवात आफैंबाट गर्न समेत आग्रह गरेका छन् ।

नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का सांसद सुरेन्द्रराज गोसाईले चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ल्याएर सरकारले राम्रो काम नगरेको बताए । सरकार उल्टो बाटो हिँडिरहेको उनको भनाई छ । 'अहिले चिठ्ठा विधेयक किन चाहियो, सरकारले गर्नुपर्ने काम नगरेर चिठ्ठा विधेयक ल्याउन खोजेर उल्टो बाटोमा हिँडिरहेको छ ।,' गोसाईले भने । चिठ्ठा विधेयकले कालो धनलाई सेतो बनाउन मद्दत पुऱ्याउने उनको दाबी छ ।

'कालो धनलाई सेतो बनाउन' मद्दत पुऱ्याउने उक्त विधेयकलाई लिएर यतिबेला सवत्र आलोचना भइरहेको छ । सुशासनको नारा लगाइरहेको सरकारले विधेयक ल्याए पनि प्रदेश प्रमुखबाट प्रमाणीकरण हुन सकेन । विधेयक प्रमाणीकरण हुन नसकेर पुन: प्रदेशसभामै पुन:विचारका लागि फिर्ता आएपछि प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि अनेकौं टिक्काटिप्पणी सुरु भएको छ ।

विधेयकमाथि आशंका उब्जिएसँगै सरकारले 'कालो धनलाई सेतो बनाउन' कानून ल्याउन खोजेको आरोप लागेको हो । आरोपलाई पुष्टि गर्ने केही आधारहरु पनि फेला परेका छन् । गत १२ वैशाख साँझ बसेको प्रदेशसभा बैठकबाट मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ को साविकको व्यवस्था जगाउनेसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक र २०७९ र प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेको थियो । ती दुवै विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल भएको थियो ।

प्रदेशसभा बैठकबाट एकैपटक पारित भएर गएकामध्ये मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ को साविकको व्यवस्था जगाउनेसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७९ प्रमाणीकरण भएसँगै लागू भइसकेको छ । तर, चिठ्ठा विधेयक भने नेपालको संविधानको धारा २०१ को उपधारा (३) बमोजिम पुनर्विचार हुन आवश्यक रहेको सन्देशसहित विधेयक प्रदेशसभामा फिर्ता गरिएको हो । प्रदेशसभाको इतिहासमा पहिलोपटक विधेयक फिर्ता गएको छ । यसअघि सरकारले ल्याएका कुनै पनि विधेयक प्रदेशसामा फिर्ता आएको छैन ।

दोश्रो बागमती प्रदेश खेलकुद

# दुई सय मिटरमा मकवानपुर सफल

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/ मकवानपुरका दिना गोपाली र जिकेश सापकोटाले दोश्रो बागमती प्रदेश खेलकुदअन्तर्गत एथलेटिक्स दुईसय मिटर दौडमा स्वर्णपदक जितेका छन् । हेटौंडास्थित पिप्ले काम्पा रंगशालामा दुईसय मिटरको प्रतिस्पर्धामा मकवानपुरका स्प्रिन्टरद्वय दिनाले महिलामा र जिकेशले पुरुषमा स्वर्ण जितेका हुन् । उक्त दूरी पूरा गर्न दिनाले २९.३७ सेकेन्ड र जिकेशले २४.६० सेकेन्ड समय लगाए ।

महिलामा भक्तपुरकी स्वागता खाइतु र चितवनकी रोजिता गुरुङले क्रमश: रजत र कांस्यपदक प्राप्त गरे । पुरुषतर्फ भने मकवानपुरकै सुजन राई र चितवनका शेखर उप्रेतीले कांस्य पदक जिते । महिला ८०० मिटर दौडमा ललितपुरकी रजिना दुलालले सफलता प्राप्त गरिन् । उनले दुई मिनेट ४० सेकेन्डमा दौड पूरा गरिन् । यस विधामा नुवाकोटकी आस्था राईले रजत र रामेछापकी भगवती खड्काले कांस्य पदक जिते । यसै विधाको पुरुषमा चितवनका अृमत बोटले सफलता पाए । उनले यो दूरी दुई मिनेट ८ सेकेन्डमा पूरा गरे ।

सिन्धुपाल्चोकका टीकाराम लोप्चन रजत र नुवाकोटका दिनेश राई कांस्य पदक जित्न सफल भए । पाँच हजार मिटर दौडमा सिन्धुपाल्चोकका भिगमार सिंहले सफलता पाए । उनले १८ मिनेटमा ९ सेकेन्डमा उक्त दूरी पार गरे । काठमाडौंका धर्म महर्जन र सिन्धुपाल्चोकै विश्वराम कुँवरले क्रमश: रजत र कांस्य पदक जिते । यसै विधाको महिलामा पनि सिन्धुपाल्चोककै निनु तामाङले स्वर्ण जित्दा २१ मिनेट ८ सेकेन्डमा पूरा गरिन् । दोलखाकी सोनु घोतानेले रजत र भक्तपुरकी रोस्टिना सितिखाले कांस्य पदक जिते ।

महिला लङजम्पमा चितवनकी प्रनिशा महतोले स्वर्ण जितिन् । उनी ४.८३ मिटर पर उफ्रिन् । चितवनकै आसिका गुरुङले रजत र दोलखाकी रोजिना कार्कीले कांस्य पदक जिते । पुरुषको लङजम्पमा चितवनका सुजितकुमार महतोले स्वर्णपदक जित्दा ६.३४ मिटर पर उफ्रिए । चितवनकै सुदीप महतोले रजत र दोलखाका सुदीप मिजारले कांस्य जिते । पुरुषको सटसुटमा चितवनका ललित राउतले १२.७८ मिटर पर फ्याक्दै स्वर्ण पदक जिते । रामेछापका प्रचन्ड ढुंगेल रजत र चितवनका दीपेश महतो कांस्य पदक जित्न सफल भए । महिलाकै सटपुटमा चितवनकै अप्सरा श्रेष्ठले स्वर्ण जितिन् । उनले ८.८३ मिटर पर फ्याकिन् । सिन्धुलीकी प्रमिला माझीले रजत र रामेछापकी अनिता कार्कीले कांस्य पदक जिते ।

**तेक्वान्दो : काठमाडौं टिम च्याम्पियन**

काठमाडौं दोश्रो बागमती प्रदेश खेलकुदअन्तर्गत तेक्वान्दोमा टिम च्याम्पियन बनेको छ । काठमाडौं ८ स्वर्ण, ३ रजत र २ कांस्य जित्दै समग्रमा टिम च्याम्पियन बन्यो ।

हुप्राचौरमा भएको प्रतियोगितामा ३ स्वर्ण, २ रजत र २ कांस्यसाथ नुवाकोट दोश्रो भयो । तेश्रो स्थानको ललितपुरले २ स्वर्ण, २ रजत र १ कांस्य हात पारेको तेक्वान्दोका मुख्य प्रशिक्षक एवं तेक्वान्दोका संयोजक नवीनकुमार श्रेष्ठले जनाएका छन् । प्रतियोगिताको पुरुषमा नुवाकोटका धनबहादुर तामाङ तथा महिलामा सिन्धुपाल्चोककी सुस्मिता तामाङ उत्कृष्ट खेलाडी घोषित भए ।

**कराते : काठमाडौं नै अब्बल**

दोश्रो बागमती प्रदेश खेलकुदअन्तर्गत करातेमा पनि काठमाडौंकै वर्चस्व रह्यो । सहभागी १३ वटै जिल्लालाई उछिन्ने क्रममा काठमाडौंले सर्वाधिक ५ स्वर्ण, ३ रजत र २ कांस्य जित्दै समग्रमा टिम च्याम्पियनको उपाधि उचाल्यो । दोश्रो स्थानको मकवानपुरले ३ स्वर्ण र ३ कांस्य प्राप्त गऱ्यो । समान २-२ स्वर्ण, रजत र कांस्यसाथ सिन्धुपाल्चोकले तेश्रो स्थानमा चित्त बुझायो । पुरुषमा मकवानपुरका रोशन बलामी तथा महिलामा काभ्रेकी मनिका तामाङ उत्कृष्ट खेलाडी चुनिए ।

**आइटिएफ तेक्वान्दो : काभ्रे च्याम्पियन**

काभ्रे जिल्ला जारी दोस्रो बागमती प्रदेश खेलकुदअन्तर्गत आइटिएफ तेक्वान्दो टिममा च्याम्पियन भएको छ । हुप्राचौरमा मंगलबार सम्पन्न आइटिएफ तेक्वान्दोमा कुल १० स्वर्ण, ६ रजत र एक कांस्यसहित टिम च्याम्पियन भएको हो । दुई दिनसम्म चलेको आइटिएफमा कुल २९ स्वर्णपदकका लागि प्रतिस्पर्धा भएको थियो । प्याटर्नतर्फ १२ स्वर्ण र फाइटमा १७ स्वर्णका लागि प्रतिस्पर्धा भएको थियो । पुरुषमा चितवनका आरएन महतो र महिला चितवनकै सुस्मिता तामाङ उत्कृष्ट खेलाडी भए । चितवन ६ स्वर्ण, दुई रजत र दुई कांस्यसहित दोस्रो भयो । तेस्रो स्थानको भक्तपुरले पाँच स्वर्ण, आठ रजत र दुई कांस्य प्राप्त गऱ्यो ।

त्यस्तै चौथो स्थानमा रहेको काठमाडौंले चार स्वर्ण, तीन रजत र पाँच कांस्यपदक जित्यो । ललितपुरले तीन स्वर्ण, पाँच रजत र ९ कांस्यपदक जित्दै पाँचौं स्थानमा रह्यो । नुवाकोटले एक स्वर्ण र चार कांस्यपदक प्राप्त गऱ्यो । विजेता खेलाडी तथा टिमलाई सामाजिक विकासमन्त्री कुमारी मोक्तान र बागमती प्रदेशका सदस्यसचिव सूर्यलाल भण्डारीले पुरस्कृत गरेका थिए । प्रतियोगितामा स्वर्ण विजेताले पाँच हजार, रजतले चार हजार र कांस्य विजेताले तीन हजार नगद पुरस्कार प्राप्त गरे ।

# किसानलाई व्यावसायिक गाईभैंसी पालन तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/थाहा नगरपालिका वडा नम्बर ३ को घर्तीखोलामा स्थानीय किसानलाई तीन दिने व्यावसायिक गाईभैंसी पालन तालिम दिइएको छ ।

थाहा नगरपालिकाको पशुस्वास्थ शाखाको आयोजनामा भएको तालिम वडाअध्यक्ष हिरेन्द्रकुमार रायमाझीले उद्घाटन गरे । वडाध्यक्ष रायमाझीले व्यावसायिक रुपमा गाईभैंसी पालन तालिममा सिकेका कुराहरु लगेर व्यवहारमा उतार्दै दक्ष कृषक बन्नुपर्नेमा जोड दिए । रायमाझीले सीपमूलक तालिम अहिलेको मुख्य आवश्यकता रहेको बताए । कृषि क्रान्ति बिना नगरको आर्थिक उन्नति हुन नसक्ने उनको भनाई छ । जनप्रीय बहुप्राविधिक विद्यालयका प्रशिक्षक अनिल सापकोटाले प्रशिक्षण दिएका छन् । तालिममा २० जना अगुवा पशुपालक कृषकको सहभागिता रहेको वडा नम्बर ३ का पशुप्राविधिक रुपेशकुमार मिश्रले बताए ।

यसैगरी, किसानलाई गड्यौला मल बनाउने तालिम पनि दिइएको छ । जनकल्याण माध्यमिक विद्यालयले विद्यार्थी र स्थानीय किसानलाई अर्गानिक खेतीतर्फ आकर्षित गर्न जैविक मल बनाउने गड्यौला मल उत्पादन र प्रयोग सम्बन्धी ४ दिने तालिम दिएको हो । किसानले खेती गर्ने समयमा मल खरिद गर्नसमेत नपाएर समस्या व्यहोर्नुपरेकाले नगर कृषि शाखाको आर्थिक सहयोगमा विद्यालयले जैविक मल गड्यौला मल उत्पादन गरी खेतीमा उत्पादन बढाउन प्रोत्साहन गर्ने उद्देश्यले तालिमको आयोजना गरेको विद्यालयका अध्यक्ष राजीवकुमार स्याङ्तानले बताए । गाउँघरमा स्थानीयस्तरमा नै उत्पादन भएका शुद्ध कृषिउपज पाउन गाह्रो भइरहेको अवस्थामा स्वस्थ जीवन बाँच्न आवश्यक अर्गानिक कृषि उत्पादनमा जोड दिन यस्ता तालिमको आवश्यकता रहेको प्रशिक्षक डाक्टर उत्तम खनालले बताए ।

कृषि विषयसमेत अध्यापन हुने विद्यालयका विद्यार्थी, कृषि समूहका सदस्यहरु, नगरमा कार्यरत कृषि प्राविधिकगरी ६० जनाको सहभागिता रहेको तालिममा सैद्धान्तिक तथा प्रयोगात्मक रुपमा गड्यौलाको मल उत्पादन गर्ने विधि सिकाइएको थियो । कृषिका विद्यार्थी प्रतीक रायमाझीले तालिममा सहभागी भएपछि अर्गानिक खेती गर्न उत्साह मिलेको बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष स्याङ्तानको अध्यक्षतामा भएको तालिम समापन कार्यक्रममा विद्यालयका प्रधानाध्यापक सानोभाइ कार्की, नगर कृषि शाखाका अधिकृत विकास विक, प्रशिक्षक शंकर गिरी, प्रशिक्षक डाक्टर उत्तम खनाल, विद्यालयका सहायक प्रधानाध्यापक कृष्णबहादुर विष्टलगायतको उपस्थिति थियो ।

# पालुङगढीको संरक्षणमा पालुङ जेसीज

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/थाहा नगरपालिकामा क्रियाशील पालुङ जेसीजले थाहानगरमा रहेका ऐतिहासिक पुरातात्विक सम्पदा पालुङगढीको संरक्षणका लागि जुटेको छ । ९ जेठमा पालुङ जेसीजले थाहा नगरपालिका वडा नम्बर २ र ३ को सीमानास्थित आकासदेवी डाँडामा रहेको ऐतिहाँसिक र पुरातात्विक महत्वको गढीको संरक्षण, प्रवर्द्धन र विकासका लागि थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली, थाहा २ का वडाअध्यक्ष बमबहादुर सिन्तान, वडा सदस्यहरु, स्थानीय नागरिकबीच अन्तरक्रिया आयोजना गरेको छ ।

कार्यक्रममा थाहानगरका उपप्रमुख भरत गोपालीले प्राचीन र पुरातात्विक महत्वका सम्पदाहरु दिनप्रतिदिन लोप हुँदै गएकोमा संरक्षणमा ध्यान दिन सबैसँग आग्रह गरे । थाहा नगरको ऐतिहासिक धरोहरलाई संरक्षण गर्नु स्थानीय तहको पहिलो दायित्व भएको गोपालीको भनाइ थियो । थाहालाई चिनाउन यहाँको पुरातात्विक सम्पदाको संरक्षण जरुरी रहेको उनले सम्पदा संरक्षणमा पालुङ जेसीजले देखाएको चासोप्रती खुशी व्यक्त गरे ।

कार्यक्रममा २ नम्बर वडाअध्यक्ष सिन्तान, वडासदस्य युवराज विष्ट, स्थानीय अगुवा गोविन्द कार्की, पालुङ जेसीजका पूर्वअध्यक्ष सानोभाइ कार्कीलगायतले सम्पदा संरक्षणमा थाहानगरको नेतृत्वहरु र स्थानीय दुवैले चासो लिनुपर्ने धारणा व्यक्त गरे । परापूर्वकालमा पालुङ राज्यको दरबार संरक्षणका लागि उक्त डाँडामा गढी रहेको र नेपाल एकीकरणका क्रममा पृथ्वीनारायण शाहले पालुङ राज्यमाथि आक्रमण गरी पालुङगढी र पालुङ दरवारलाई ध्वस्त बनाएको किम्बदन्ती रहेको छ ।

'हाम्रो सम्पदा परिदृष्य र पुरातन संस्कृतिको प्रवर्द्धन' भन्ने नाराकासाथ थाहा नगरपालिका वडा नंम्बर २ को आकासदेवी डाँडामा रहेको गढीलाई संरक्षण तथा प्रवर्द्धन गर्न उक्त स्थानमै जनप्रतिनिधि सहित स्थानीयसँग अन्तक्रिया तथा स्थान परिचय कार्यक्रम गरिएको पालुङ जेसीज वर्ष २०२३ का कोषाध्यक्ष माधव कार्कीले बताए ।

थाहानगर भित्र रहेको ऐतिहासिक तथा पुरातात्विक स्थानको पहिचान गरि त्यसको संरक्षण गर्दै थाहा नगरको पर्यटन प्रवर्द्धनमा सहयोग गर्ने र आफ्नो स्थानमा लुकेर रहेका ऐतिहासिक स्थानको बारेमा प्रचार प्रसार गर्नको लागि कार्यक्रमको आयोजना गरिएको पालुङ जेसीज बर्ष २०२३ का अध्यक्ष संगम कार्कीले बताए ।

# ज्ञानदीपको अध्यक्ष बन्न दुई जनाको उम्मेदवारी

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/जिएस निकेतन बोर्डिङ सञ्चालन गरिरहेको ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्ष बन्ने दौडमा दुई जनाले उम्मेदवारी दिएका छन् ।

हेटौंडा उपमहानगर पालिका-५ स्थित सहकारीको अध्यक्षमा ऋषिराम उपाध्याय (पोखरेल) र गोविन्दप्रसाद चौलागाईले उम्मेदवारी दिएका हुन् । सहकारीको नयाँ कार्यसमिति चयनका लागि आज बुधवार निर्वाचन हुँदैछ । यसअघि समिति चयनमा सर्वसम्मतीको प्रयास गरेपनि सहमति हुन नसकेपछि निर्वाचनमा जान परेको हो । अध्यक्ष पदमा उम्मेदवारी दिएका ऋषिराम र गोविन्दले प्यानल बनाएर निर्वाचनमा होमिएका छन् । निर्वाचनमा राजनीति पनि घुसेको चर्चा छ ।

आधुनिक राष्ट्रिय माविमा लामो समय सेवा गरी सेवानिबृत्त पोखरेललाई नेकपा माओवादी केन्द्र र हाल महेन्द्रज्योति मावि हाँडीखोलाका प्रअ रहेका चौलागाईलाई एमालेको साथ रहेको चर्चा छ । मकवानपुरको शिक्षा क्षेत्रमा लामो ईतिहास कायम राखेका पोखरेल र चौलागाईबीच कडा प्रतिस्पर्धा हुने अवस्था सृजना भएको छ ।

यसैगरी, सहकारीको उपाध्यक्षमा राजेशप्रसाद घिमिरे र रामप्रसाद गजुरेल, सचिवमा दीपक खड्का र लिलानाथ ढुंगेलले उम्मेदवारी दिएका छन् । सहकारीको कोषाध्यक्षमा मोहनप्रसाद न्यौपाने र लेखा समितिको संयोजकमा गौतम केसी सर्वसम्मत चयन भइसकेका छन् । सहकारीको ७ सदस्य कार्य समितिका लागि १२ जनाले उम्मेदवारी दिएको निर्वाचन समितिका संयोजक ध्रुवप्रसाद चौलागाईले जानकारी दिए ।

सदस्यमा खिलप्रसाद बराल, खेमराज लामिछाने, गमला राजभण्डारी, जनकराज पन्त, नेत्रप्रसाद ढुंगेल, प्रकाश बानियाँ, र मिला सापकोटा, राजु अर्याल, लक्ष्मी दुलाल (गजुरेल), विश्वनारायण श्रेष्ठ, श्रीराम दाहाल, सरस्वती ढकालले उम्मेदवारी दिएका छन् । लेखा समितिको २ सदस्य पदमा ३ जनाको उम्मेदवारी परेको छ । लेखा समितिको सदस्यमा बसन्तीकुमारी थापा (महत), बासुदेव रिजाल, मिलन दुलाल उम्मेदवार रहेका छन् । सहकारीमा ५ सय ९८ जना शेयर सदस्य छन् ।

# रानीबास एग्रो टुरिजम पार्कमा अर्थमन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/ मकवानपुरगढी गाउँपालिकाको गौरवको योजना रानीबास एग्रो टुरिजम पार्कको स्वागतद्वारशिलान्यास गरिएको छ ।

गाउँपालिकाको वडा नम्बर १ रानीसेरामा रहेको पार्कको बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाले स्वागतद्धार निर्माणको शिलान्यास गरेका हुन् । मन्त्री लामाले पर्यटन क्षेत्रलाई विकास र विस्तार गर्न प्रदेश सरकार तयार रहेको बताए । पर्यटन उद्योग तथा सहकारी मन्त्रालय अन्तर्गत पर्यटन विकास आयोजनाबाट विनियोजित बजेटलाई समयमै कार्यान्वयन गरी थप पार्क निर्माणका लागि आफूले सक्दो सहयोग गर्ने पनि प्रतिवद्धता व्यक्त गरेका छन् । पार्क निर्माण उपभोक्ता समिति अध्यक्ष गणेशबहादुर स्याङ्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा मन्त्री लामाको प्रमुख आतिथ्यता रहेको थियो ।

पर्यटन विकास आयोजनाबाट स्वीकृत रकम पार्कको मुल स्वागतद्धार निर्माणका साथै पार्कलाई १ सय ४८ मिटर घेराबारा गर्न १० लाख रुपैयाँ छुट्टिएको थियो । गाउँपालिकाको बहुवर्षीय योजना अनुरुप विभिन्न समयमा बजेटबाट पार्कको सुरुवात गरिएको वडा नम्बर १ का वडाअध्यक्ष आइतसिं लोलेले जानकारी दिए । शिलान्यास कार्यक्रममा गाउँपालिकाका अध्यक्ष दोर्जे लामास्याङ्तान, पर्यटन विकास आयोजनाका प्रमुख रोशनकुमार श्रीवास्तव, सिनियर ईन्जिनियर विजय कार्की, प्रज्ञा पाण्डे, वडा नम्बर ७ का वडाअध्यक्ष सूर्यबहादुर रुम्बा, नेपाली कांग्रेस जिल्ला सदस्य राजकुमार गोलेलगायतको उपस्थिति थियो ।


## प्रदेश सरकारले तीन दिन गणतन्त्र दिवस मनाउने

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/बागमती प्रदेश सरकारले ३ दिन गणतन्त्र दिवस विविध कार्यक्रम गरी मनाउने भएको छ । मंगलबार प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलको अध्यक्षतामा बसेको सर्वपक्षीय बैठकले गणतन्त्र दिवस ३ दिन विविध कार्यक्रमका साथ मनाउने निर्णय गरेको हो ।

आन्तरिक मामिला तथा कानून मन्त्रालयका सूचना अधिकृत सुरेन्द्र कार्कीका अनुसार बैठकले जेष्ठ १४, १५ र १६ गते विविध कार्यक्रम गरी गणतन्त्र दिवस २०८० भव्य रुपमा मनाउने निर्णय गरेको हो । गणतन्त्र दिवसको पहिलो दिन जेष्ठ १४ गते हेटौंडा नगर सरसफाई तथा सरकारी कार्यालयमा नेपालको राष्ट्रिय झण्डा फहराउने कार्यक्रमको तय भएको छ । यस्तै, जेष्ठ १५ गते विहान प्रभातफेरी हुँदै मन्त्रिपरिषद् कार्यालयमा पुगेर कार्यक्रमको आयोजना तथा साँझ दीपावली गरिने छ ।

जेष्ठ १६ गते खेलकुद र सरसफाई कार्यक्रमको आयोजना गरिने कार्कीले बताए । गणतन्त्र दिवस मनाउन प्रदेशका मुख्यमन्त्री जम्मकट्टेलको संयोजकत्वमा ३७ सदस्यीय मूल समारोह समिति गठन गरिएको छ ।



प्रदेश खेलकुद विकास परिषद्
बागमती प्रदेश, हेटौडा
दोस्रो बागमती प्रदेश खेलकुद-२०८०
खेल तालिका

| खेल | | स्थान | ७ गते | ८ गते | ९ गते | १० गते | ११ गते | १२ गते | १३ गते |
|---|---|---|---|---|---|---|---|---|---|
| भलिबल | महिला | हुप्रचौर | उद्घाटन (५:३० बजे पिप्ले क्याम्पा रंगशाला) | | | | | | |
| | पुरुष | हुप्रचौर | | | | | | | |
| फुटबल | महिला | गौरीटार | | | | | | | |
| | पुरुष | पिप्ले | | | | | | | |
| रग्बी | महिला | हुप्रचौर | | | | | | | समापन (५:३० बजे पिप्ले क्याम्पा रंगशाला) |
| | पुरुष | हुप्रचौर | | | | | | | |
| बक्सिङ | महिला/पुरुष | हेटौडा कभर्डहल | | | | | | | |
| करौंते | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| तेक्वान्दो | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| उसु | महिला/पुरुष | त्रिपुरेश्वर | | | | | | | |
| आई.टि.एफ तेक्वान्दो | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| जुडो | महिला/पुरुष | काठमाडौं | | | | | | | |
| ब्याडमिन्टन | महिला/पुरुष | थानाभऱ्याङ | | | | | | | |
| एथलेटिक्स | महिला/पुरुष | पिप्ले | | | | | | | |
| पौडी | महिला/पुरुष | सातदोबाटो | | | | | | | |
| क्रिकेट | महिला | चितवन | | | | | | | |
| | पुरुष | चितवन | | | | | | | |

रेडक्रस हेटौंडा उपशाखाको
अधिवेशन सम्बन्धी सूचना !
नेपाल रेडक्रस सोसाइटी हेटौंडा उपशाखा, हेटौंडा-४ को उपशाखा अधिवेशन तपशिल बमोजिमको मिति, समय र स्थानमा हुने भएकाले यस उपशाखा अन्तर्गतका सम्पूर्ण आजीवन सदस्यहरुलाई अनिवार्य उपस्थितिका लागि अनुरोध गरिन्छ ।
तपशिल
मिति: २०८० साल जेठ १५ गते
समय: बिहान ७ बजे
स्थान: पशुपति मन्दिर, हेटौंडा-४
सम्पर्क: ९८५५०७२६६४ (शिवहरि दाहाल, सभापति), ९८५५०७१६५८ (किसन घिसिङ, सचिव)
नेपाल रेडक्रस सोसाइटी,
हेटौंडा उपशाखा, हेटौंडा-४

घातक विषादीको प्रयोग नगरौं
☞ विषादीको प्रयोगले क्यान्सर, मस्तिष्क सम्बन्धी रोग, छालाको एलर्जी, आँखा पोल्ने, रिंगटा लाग्ने, टाउको तथा शरीर दुख्ने जस्ता समस्याहरु देखिन सक्दछन् ।
☞ विषादीको जथाभावी प्रयोगले मानिसको प्रजनन क्षमतामा समेत ह्रास आउन सक्छ ।
☞ विषादीले पर्यावरणीय असन्तुलन निम्त्याउँदछ ।
☞ माटोको उर्वराशक्तिमा ह्रास भई समग्र उत्पादकत्वमा ह्रास ल्याउँदछ।
त्यसैले, कृषि उत्पादनमा हानीकारक विषादीको प्रयोग नगरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

केदारनाथ सुनचाँदी पसल
हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।
प्रो. राहुल सुनार
मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना